अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक 'सिर्जना–तिर्सन कविता सङ्ग्रहको भाषिक विचलनको अध्ययन' रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रि.वि. शिक्षा शास्त्र संकाय अन्तर्गत नेपाली शिक्षा विषयको स्नातकोत्तर तहको दोस्रो वर्षको नेपाली शिक्षा ५९८ को पाठ्यांशको उद्देश्य परिपूर्ति गर्नु रहेको छ ।

## १.३ समस्याकथन

अनुसन्धान कार्यका लागि छनोट गरिएको कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै समस्याको रूपमा प्रस्तुत गरिन्छ । समस्या भन्नाले अनुसन्धान कार्यका सिलसिलामा अनुसन्धेय समस्या वा अनुसन्धानको विषयवस्तु भन्ने बुझिन्छ । चयन गरिएको शोधशीर्षक अन्तर्गत मुख्य-मुख्य समस्यका प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो ।

'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा समस्याकथनको रूपमा भाषिक विचलनको अध्ययन गर्नु नै यस शोधपत्रको मुख्य समस्या रहेको छ । यो मुख्य समस्या हुँदाहुदैं पनि यसका समस्याहरूलाई बुँदागत रूपमा निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

(क) शैली वैज्ञानिक विश्लेषणका अवधारणा र सिद्धान्तहरू के–के हुन् ?

(ख) भाषाका आधारमा 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको स्वरूप कस्तो छ ?

(ग) 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा प्रयुक्त भाषिक विचलनको मुख्य स्वरूप के–कस्तो छ ?

'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा प्रयुक्त भाषिक विचलनको अध्ययन नितान्त समस्यामूलक र महत्त्वपूर्ण देखिन्छ ।

## १.४ शोधको उद्देश्य

'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको शैली वैज्ञानिक दृष्टिकोणले भाषिक विचलनको अध्ययन गर्नु प्रस्तुत अध्ययनको मूल उद्देश्य रहेको छ । यसै उद्देश्यस"ग सम्बन्धित सह उद्देश्यहरू यस प्रकार रहेका छन् ।

(क) शैलीवैज्ञानिक सिद्धान्त र अवधारणाहरूको व्याख्या र विश्लेषण गर्नु,

(ख) भाषाका आधारमा 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको अध्ययन गर्नु,

(ग) 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा प्रयुक्त भाषिक विचलनको अध्ययन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

आजसम्मको पृष्ठभूमिलाई सरसर्ती अवलोकन गर्दा विभिन्न व्यक्तित्वहरूले विभिन्न शीर्षकमा आफ्ना विचारहरू 'सिर्जना–तिर्सना' का बारेमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेको पाइन्छ त्यस्ता लेख रचनाहरूमा 'सिर्जना–तिर्सना' को भाव र अर्थ पक्षको अध्ययन गरेको पाइए पनि 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको शैली वैज्ञानिक अध्ययन भने गरेको पाइँदैन । यस कृतिको बारेमा भाषिक विचलन त झन निकै नौलो विषय मानिन्छ । यस कृतिको बारेमा अध्ययन गरी समीक्षात्मक टिप्पणी गर्ने व्यक्तित्वहरू मध्ये ट्याङलाफाँट किर्तीपुरका गोविन्दराज भट्टराईले यसै कृतिको भूमिकामा 'एउटा ताराले गर्दा यो उज्यालो देख्न पाएँ ' शीर्षकमा कृतिको समीक्षा गरेका छन् त्यस अन्तर्गत भाषिक पक्षको अध्ययन भएको पाइँदैन ।

बालकृष्ण भट्टराईले 'अग्रगामी चेतनाको उद्बोधनमा एउटा प्रशंसनीय प्रस्तुति ' शीर्षकमा 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको भूमिकामा प्रत्येक कविताको व्याख्या र विशेषण गरिएको पाइन्छ । व्याख्या र विश्लेषणमा समीक्षात्मक टिप्पणी गरिएको पाइन्छ भने भाषा र शिल्प पक्षलाई जोड दिइएको पाइँदैन । त्यसै गरी पुनाराम घिमिरेले 'सिर्जना–तिर्सना' शीर्षकमा कृतिको छोटो समीक्षात्मक अध्ययन गरिएको पाइन्छ । उक्त टिप्पणीमा पनि साहित्यिक भाव र अर्थ पक्षको समीक्षा पाइन्छ ।

त्यसैगरी बुटवल टुडे पत्रिकामा 'सिर्जना–तिर्सना भित्रको काव्यिक चेत' शीर्षकमा राजु भुसालले समीक्षात्मक टिप्पणी गरेका छन् । उक्त अध्ययन पनि साहित्यिक अध्ययनमा केन्द्रित छ । त्यसै गरी बुटवल टुडेमा 'कुरा सिर्जना र तिर्सनाका' शीर्षकमा वसन्त पोखेलले

आफ्नो लेख प्रकाशित गरेका छन् । उनको लेख पनि भाषिक पक्ष भन्दा भाव र अर्थलाई नै बढी महत्त्व दिइएको छ । जापानबाट प्रकाशित 'सन्देश' प्रथम स्मारिका पत्रिकामा ( बामी सेवा समितिले प्रकाशित पत्रिका २०६७) रूद्र ज्ञवालीले 'समकालीन नेपाली साहित्य' शीर्षकमा कवि जीवलाल सापकोटा र 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको समीक्षा गरेका छन् । उक्त समीक्षा साहित्यिक दृष्टिकोणले महत्त्वपूर्ण छ र भाषा पक्षमा पनि गद्य र पद्य, प्रतीक, कविताको रूप साजसज्जा मिलेको, छन्द, रस, अलङ्कार आदि कुराको बारेमा सामान्य चर्चा पाइन्छ ।

अहिले सम्मकै अध्ययन तथा समीक्षाहरूमध्ये सबै जसो लेख र समीक्षाहरू भाव र अर्थ पक्षमै केन्द्रित रहेको  देखिन्छ । प्रस्तुत कविता सङ्ग्रहको शैली वैज्ञानिक दृष्टिकोणले भाषिक अध्ययन भएको पाइँदैन ।

## १.६ औचित्य

शोध पत्रमा शोधार्थीले गर्न लागेको शोधको औचित्यका बारेमा प्रकाश पार्नुलाई नै शोधको औचित्य भनिन्छ । कुनै पनि क्षेत्र वा विषयवस्तुको खोज तथा अध्ययन अनुसन्धान गर्नु आफैमा एक महत्त्वपूर्ण कार्य हो ।

यस विषयमा गरिने अनुसन्धानका क्षेत्रमा हेर्दा उपलब्ध स्रोत सामग्रीका आधारमा हालसम्म यस कविता सङ्ग्रहको अध्ययन विश्लेषणका सर्न्दभमा भाव र अर्थ पक्षका बारेमा अध्ययन भए तापनि भाषिक विचलन तथा शैली वैज्ञानिक अध्ययन भने भएको छैन । विभिन्न पत्रपत्रिकामा गरिएको समीक्षाहरू नै यस कृतिका पूर्व अध्ययनका रूपमा पाउन सकिन्छ तर भाषिक क्षेत्रको भने अध्ययन भएको पाइँदैन । त्यस्तै शैली र भाषिक विचलनबारे पनि ती समिक्षाहरूमा अध्ययन भएको देखिदैन ।

'सिर्जना–तिर्सना' कविता सङ्ग्रह २०६६ मा प्रकाशित एक नवीन प्रकाशित कृति हो यस कृतिमा पञ्चायतकालदेखि लेख्न सुरू गरेर लोकतान्त्रिक आन्दोलन र आन्दोलन पश्चात् देशको अवस्थाको बारेमा समेत लेखिएका कृति यस  'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा संग्रहित छन् । यस कृतिले निकै लोकप्रियता हासिल गरेको पाइन्छ । रोचक, मार्मिक, भावमय, शिल्प र सौन्दर्यले भरिपूर्ण कृतिको अध्ययन गरी शोधपत्र तयार गर्नु महत्वपूर्ण कार्य हुने देखिन्छ । यस प्रकारको विशिष्ट कृतिको अध्ययनबाट भावी शोधार्थीको लागि पनि थप टेवा मिल्ने देखिन्छ । समसामयिक विषयवस्तुमा, शव्द रचना गर्न निपूण कविले सत्य,

तथ्य र यथार्थमा आधारित भएर सिर्जना गरेको कृति हो । शब्द गठन, चयन, विचलन, आलङ्कारिक, बिम्ब, प्रतीक आदिले भरिपूर्ण कृतिले अध्ययन गरी शोधपत्र तयार गर्दा औचित्यपूर्ण देखिन्छ ।

## १.७ अध्ययनको सीमा

कुनै पनि अध्ययन कार्यलाई सु–सम्पन्न गर्नको लागि त्यसको सीमा निर्धारण गर्नुपर्ने हुन्छ । त्यसो नभएमा शोधकार्यलाई पूर्णता दिन कठिन हुने देखिन्छ । त्यसैले कुनै पनि अध्ययनलाई त्यसको प्रयोजनले समेत आत्म निर्देशित गर्ने हुनाले त्यसको गहिराइ र व्यापकतालाई निश्चित परिधिमा सीमावद्ध गर्न श्रेयष्कर हुन्छ । यसर्थ यस अध्ययनलाई निम्न अनुसार सीमावद्ध गरिएको छ ।

क) प्रस्तुत शोधपत्र शैलीवैज्ञानिक अवधारणा र सिद्धान्तमा केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोधपत्र भाषाका आधारमा 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको अध्ययनमा केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत शोधपत्र भाषिक विचलनको अध्ययनमा सीमित रहेर तयार रहेको छ ।

(घ) प्रस्तुत अध्ययन 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सीमित रहेको छ ।

## १.८ शोधविधि

जुनसुकै कार्यलाई सफल एवं उपलब्धिमूलक बनाउनका निम्ति योजनावद्ध ढङ्गबाट अधि बढ्न आवश्यक हुन्छ । त्यसमा पनि अनुसन्धान जस्तो महत्त्वपूर्ण कार्यका लागि त योजना अङ्ग नै हो । यस किसिमको अनुसन्धान वैज्ञानिक रूपमा व्यवस्थित रूपले गरिने ज्ञानको खोजमूलक कार्य हो, जसमा कुनै पनि समस्यामूलक कुराको उठान गरी निष्कर्ष एवं निचोड निकाल्ने पद्धति नै अनुसन्धान हो । प्रस्तुत शोध कार्यका लागि आवश्यक सामग्रीको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका क्रममा पुस्तकालयीय विधि प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई मुख्यत : निम्नलिखित अध्ययन शीर्षकमा विभाजन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : शैली विज्ञानको सैद्धान्तिक स्वरूप

अध्याय तीन : भाषाका आधारमा 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको अध्ययन

अध्याय चार : निष्कर्ष तथा उपसंहार

### अध्याय दुई

# शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

## २.१ शैली

'शैली'शब्द संस्कृतको शील शब्दबाट निर्माण भएको हो । शील भन्नाले रीति, आचारण ढङ्ग, ढाँचा तौरतरिका आदि भन्ने बुझिन्छ । गद्य वा पद्यमा भाषिक अभिव्यक्तिको ढाँचालाई नै शैली भनिन्छ ।

अंग्रेजी भाषाको Style शब्दको समानार्थी रूपमा शैलीलाई लिइन्छ । विद्वान्हरूका अनुसार साहित्यका दुई पक्ष हुन्छन् । (क) आन्तरिक पक्ष (ख) वाह्यपक्ष । कला पक्षले भाषिक अध्ययन गर्दछ भने भाव पक्षले अर्थ र भावको अध्ययन गर्दछ । सामान्यतया शैलीलाई सामान्य र विशिष्ट गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ ।

### २.१.१ सामान्य शैली

सामान्य शैली भाषिक शैलीलाई जनाउँछ । सामान्य शैलीमा सरल प्रकृतिको भाषिक प्रयोग भएको हुन्छ । यो वस्तुपरकता र तथ्यहरूमा आधारित हुन्छ । यो शैली साधारण जानकारी र सूचनात्मक प्रकृतिको हुन्छ र अर्थका दृष्टिले पनि सरल हुन्छ ।

### २.१.२ विशिष्ट शैली

सामान्य शैलीको ठीक विपरीत शैली नै विशिष्ट शैली हो । यस शैलीमा विशिष्ट किसिमको भाषिक प्रयोग हुन्छ । भाषा प्रयोगका दृष्टिले जटिल प्रकृतिको हुन्छ । वस्तुपरकता भन्दा भावपरकता बढी हुन्छ ।

विशिष्ट शैली साहित्यिक शैलीको धेरै नजिक हुन्छ । जटिल प्रकृतिको भाषिक प्रयोगमा आलङ्कारिकता हुन्छ । शैलीका सन्दर्भमा विभिन्न विचारहरू पाइन्छ । परम्परागत रूपमा शैली चयन हो, शैली मानकबाट विचलित भाषिक प्रयोग हो र शैली अन्तर्वाक्यीय वैशिष्ट्य पनि हो ।

आधुनिक विचारमा शैली रचनाकार वा लेखकले प्रयोग गर्ने भाषाको चयन हो । यो कथ्य र लेख्य दुवैमा प्रयोग हुन्छ । शैली सर्जकले आफ्नो सिर्जनामा अपनाउने भाषिक चयन विचलन, वितरण, अर्थ, कौशल र संयोजन हो (ढुङ्गाना,तुलसीप्रसाद :२०६५:२६) ।

## २.२ शैलीविज्ञानको परिचय

ल्याटिन भाषाको Stylus बाट अंग्रेजीमा Style का रूपमा ग्रिसेलीमा Stylas का रूपमा प्रयोग भएको पाइन्छ । शैलीविज्ञान अंग्रेजी शब्द Stylistics को नेपाली रूपान्तरण हो । उन्नाइसौ शताब्दीको प्रारम्भमा सर्वप्रथम जर्मनमा Stilistik शब्दको प्रयोग भएको पाइन्छ । फ्रान्सेली भाषामा Stylistiaue शब्दको प्रयोग भएको पाइन्छ । अंग्रेजी भाषामा सर्वप्रथम सन १८८२ मा यस शब्दको प्रयोग भएको पाइन्छ । शैली विज्ञान प्रायोगिक भाषाविज्ञानको एक शाखा हो । शैली विज्ञानले भाषावैज्ञानिक आधारमा साहित्यको अध्ययन गर्ने भएकोले यसलाई शैली विज्ञान भनिन्छ ।

साहित्यिक समालोचनाको क्षेत्रमा पनि अपेक्षाकृत नवीन विधाका रूपमा देखापरेको शैली विज्ञानले भाषावादी सिद्धान्त र पद्धतिका माध्यमबाट साहित्यको विश्लेषण गर्दछ । भाषाको प्रयोग पक्षसँग सम्बन्धित भाषा विज्ञानले भाषाको विशिष्ट प्रयोगका साथै सूक्ष्म र जटिल प्रयोगहरूको पनि विश्लेषण गर्दछ ।

शैलीविज्ञान मूलतः प्रयोग पक्षसँग प्रतक्ष्य सरोकार राख्ने विज्ञान हो । साहित्यिक कृतिको वस्तुपरक र भाषापरक अध्ययन विश्लेषण गर्नु शैलीविज्ञानका अनिवार्य काम हो । शैलीविज्ञानका सन्दर्भमा विभिन्न विद्वान्हरूले आ-आफ्ना मत अगाडि सारेका छन् । ती मध्ये केही मतहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

१. रूकैया हसनका अनुसार शैलीविज्ञान साहित्यिको भाषाको अध्ययनसँग सम्बद्ध ज्ञानानुशासन हो (ढुङ्गाना,तुलसीप्रसाद :२०६५:२६) ।

२. 'साहित्यमा भाषा प्रयोग सम्बन्धी अध्ययनलाई शैलीविज्ञान भनिन्छ ' जी.एन.लिच (ढुङ्गाना,तुलसीप्रसाद :२०६५:२६) ।

३. चार्ल्स बालीका अनुसार शैलीविज्ञानका पाठले ती प्रभावक तत्वहरूलाई जाँच्नुपर्दछ, ती साधनहरूको अध्ययन गर्नुपर्दछ जसद्धारा भाषाले त्यससँग पारस्परिक सम्बन्धको अध्ययन गर्दछ र ती समपूर्ण अभिव्यक्ति अवस्थाको विश्लेषण गर्दछ (ढुङ्गाना, तुलसीप्रसाद :२०६५:२६) ।

४. एच.जी विडोसनका अनुसार शैलीविज्ञानले साहित्यिक सङ्कथनलाई भाषा वैज्ञानिक तरिकाले गरिने अध्ययनलाई बुझाउँछ ढुङ्गाना,तुलसीप्रसाद:२०६५:२६) ।

५. टर्नका अनुसार शैलीविज्ञान साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहन्छ । जानाजान गरिएका विशिष्ट भाषिक प्रयोगहरूको साथमा यसको सूक्ष्म र जटिल प्रयोगहरूको पनि विवेचना गर्छ (ढुङ्गाना, तुलसीप्रसादः २०६५:२६) ।

६. "शैलीविज्ञान भाषाविज्ञानकै एउटा शाखा हो सअन्तर्गत भाषाका विशेषताहरूको अध्ययन गरिन्छ । जसलाई छुट्टा- छुट्टै परिस्थितिमा विल्कुल बेग्लै किसिमले प्रयोग गरिएको हुन्छ र यसले ती सिद्धान्तहरू स्थापित गर्ने प्रयास गर्दछ । जसले व्यक्ति वा सामूहिक समूहले आफ्नै भाषा प्रयोगका सन्दर्भमा किन खास किसिमको छनोट गरेका हुन्छन भन्ने कुरा स्पष्ट हुन्छ (डेभिट क्रिष्टल,ढुङ्गाना, तुलसीप्रसादः२०६५:२६) ।

७. "भाषिक विविध रूपको अध्ययन गर्ने भाषाविज्ञानको प्रयोगलाई शैलीविज्ञान भनिन्छ । यो विशेषत लेखकहरूले छनोट प्रक्रियाको विश्लेषणसँग सम्बन्धित हुन्छ" रोनाल्ड कार्टर ढुङ्गाना, तुलसीप्रसादः२०६५:२६) ।

८. "शैलीविज्ञान भाषाको सौन्दर्यशास्त्रीय भाषाविज्ञान हो । जसले भाषावैज्ञानिक विधिबाट भाषा संरचनाका सौन्दर्य सर्जक तत्वको अध्ययन गर्दछ" राधव प्रकाश,(ढुङ्गाना, तुलसीप्रसादः२०६५:२६) ।

९. "शैलीविज्ञान कृति केन्द्रित हुन्छ र शाव्दिक संरचनालाई अध्ययनको विषय बनाउँछ ।" कृष्ण गौतम (ढुङ्गाना,तुलसीप्रसादः२०६५:२६) ।

१०. "भाषा प्रयोगको वर्णनात्मक अध्ययनलाई शैलीविज्ञान भनिन्छ " सुरेश कुमार, (ढुङ्गाना, तुलसीप्रसादः २०६५:२६) ।

११. घनश्याम नेपालका अनुसार भाषापरक पद्धति र कलात्मक दृष्टिको आधारमा भाषाविज्ञानको सहयोगबाट साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो (ढुङ्गाना,तुलसीप्रसादः२०६५:२६) ।

१२. मोहनराज शर्माका अनुसार शैलीविज्ञानले साहित्यक कृतिको संरचना, बनोट आदिलाई खोतल्छ र विश्लेषणद्वारा त्यसमा अन्तर्निहित कला, सौन्दर्य र साहित्यकलाको उद्घाटन गर्दछ (ढुङ्गाना तुलसीप्रसादः२०६५:२६) ।

१३. इनसाइक्लोपेडिक डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्सका अनुसार शैलीविज्ञान एउटा सामान्य पद हो, जसअन्तर्गत कुनै व्यक्ति वा सामाजिक संस्थाले कुन आधारमा भाषासंम्वन्धी छनोट गर्दछ,ती कारकहरूको अध्ययन गर्दछ (ढुङ्गाना, तुलसीप्रसादः २०६५: २६) ।

१४. लङ्म्यान डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्सका अनुसार शैलीविज्ञानले भाषा प्रयोग को विविधताको अध्ययन गर्दछ, लेखक वा वक्ताले पाठक वा श्रोतामा कस्तो प्रभाव उत्पादन गर्न खोजेको हो त्यसमा आधारित हुन्छ । शैलीविज्ञानले कहिले काही बोलीचालीको भाषामाथि अध्ययन र अनुसन्धान गरेपनि संम्बन्धित हुन्छ । शैली विज्ञानले के गर्दछ भने वक्ता वा श्रोताले छनोट गर्दा अन्य छनोट नगरेर खास अभिव्यक्तिहरू नै छनोट गरेका हुन्छन् (ढुङ्गाना,तुलसीप्रसादः२०६५:२६) ।

माथिका परिभाषाका आधारमा के भन्न सकिन्छ भने शैलीविज्ञान भन्नाले कुनै पनि साहित्यक कृतिको ढङ्ग ढाँचाको भाषा वैज्ञानिक ढङ्गले अध्ययन गर्ने विज्ञान हो भन्न सकिन्छ । शैलीविज्ञानले भाषावादी सिद्धान्तका माध्यमबाट कृतिको अध्ययन तथा विश्लेषण गर्दछ । भाषापरक अध्ययनसँग बढी निकटता राख्दछ ।

## २.३ शैलीविज्ञानको पृष्ठभूमि र सैद्धान्तिक स्वरूप

शैलीविज्ञान आधुनिक मानिए तापनि पूर्व तथा पश्चिम दुवैतर्फ यसको पुरानै परम्परा पाइन्छ । भाषामा देखापरेको आधुनिकताका साथै सामान्य भाषाविज्ञानको योगदानले गर्दा शैलीविज्ञानको जन्म भएको पाइन्छ । पूर्वीय परम्परामा भामह, डण्डी, भरत, आनन्दवर्धन, क्षेमेन्द्र, कुन्तक आदिका साहित्यशास्त्रीय चिन्तनमा भाषापक्षको चर्चा पाइन्छ भने पश्चिममा अरस्तु, सिसेरो, प्लेटो, डायोनिसियस, क्विन्टिलियन आदिले शैली सम्बन्धी विचारहरूलाई मान्यता दिएका छन् । यसरी शैलीविज्ञानको प्रारम्भ पूर्वमा भरत देखि पश्चिममा प्लेटोसम्म भएका तथ्यहरू फेला पर्दछन् ।

आधुनिक शैलीविज्ञानको विकासमा विभिन्न भाषा वैज्ञानिक तथा भाषाविद्हरूको योगदान महत्वपूर्ण रहेको छ । भरतको नाट्यशास्त्र सम्पूर्ण कलाहरूको शिल्पविधान भनिन्छ । पाणीनीको अष्टाध्यायी भाषावैज्ञानिक दृष्टिले ठोस आधार बनेको पाइन्छ । वामनले रीति गुणको अवधारणा राख्दै रीतिलाई काव्यको आत्म मानेका छन् । डण्डीले भाहमको, गुण, दोष, अलङ्कार विवेचनालाई समृद्ध पारी काव्यदर्शनको प्रतिपादन गरे । आनन्दवर्धनले

व्याकरणिक 'विस्फोटवाद' को आधारमा शब्द र अर्थको सम्वन्ध विश्लेषण गर्नका लागि प्रतीयमान अर्थको अवधारणा प्रस्तुत गर्दै भाषिक संरचनाको शैलीवैज्ञानिक अवधारणा प्रस्तुत गरे । अभिनव गुप्तले ध्वन्यलोचन ग्रन्थमा भाषा संरचना र रस सूत्रलाई प्रष्ट पार्दै मनोवैज्ञानिक दृष्टिले शैलीको विवेचना गरे । कुन्तकले काव्यको आत्मा वक्रता हो भन्ने अवधारणा अघि सारे । त्यस्तै क्षेमेन्द्रले भाषिक संरचनाको सन्दर्भमा औचित्यको व्याख्या गर्दै भाषिक घटकहरूको विश्लेषण गरे अनि जगन्नाथले रमणीय अर्थ प्रदान गर्ने कुरा दर्साए ।

यसरी पूर्वीय भाषिक तथा साहित्यिक परम्परामा आफ्नो अस्तित्व स्थापित गर्न सफल विभिन्न भाषिक सम्प्रदायहरूले भाषागत आधारमा शैलीको व्यापक चर्चा गरे पनि आधुनिक शैली वैज्ञानिक मान्यता अनुरूप उठान तथा वैज्ञानिक व्याख्या र विश्लेषण भएको पाइँदैन ।

पाश्चात्य साहित्यमा पनि ग्रिकहरूको समयदेखि नै शैली सम्बन्धी चर्चा हुने गरेको पाइन्छ । शैलीविज्ञानको विकासमा पूर्वीय मान्यता जति भए तापनि मुख्य भूमिका पश्चिमी साहित्यको रहेको छ । पश्चिममा सर्वप्रथम अरस्तुले आफ्नो ग्रन्थ (पोयटिक्स) मा काव्य तत्वहरूका संरचनाको विवेचनालाई वस्तुपरकता प्रदान गरे । डायनोसियस थ्याक्सले शैली सम्वन्धी चर्चा गरेका छन् । त्यसैगरी डेमिट्रियसले 'अनस्टाइल' शिर्षकको पुस्तकमा शब्द प्रयोग, शब्दविन्यास र विषयवस्तुको विवेचना भाषाको माध्यमबाट प्रस्तुत गरे । अर्काविद्वान् क्विन्टिलियनले सामान्य वाक्य योजनालाई तोडेर मात्र साहित्यमा सङ्गति र सम्वद्धता ल्याउन सकिन्छ भन्ने मान्यता राखे । यस्तै गरी अन्य विद्धानहरूमा आइ.ए रिचर्डस, टि.एस इलियत, हर्वट रीड, जोनमिल्टन, मरे, एफ.एल लुकास आदि रहेका छन् ।

आधुनिक भाषाविज्ञानको विकासको परिणाम स्वरूप आधुनिक शैलीविज्ञानको विकास भएको देखिन्छ । फर्डिन्यान्ड डि.सस्युरको संरचनात्मक भाषाविज्ञानलाई आधुनिक शैलीविज्ञानको श्रेय मिल्छ । त्यसपछि सस्युरका चेला चार्ल्सबाली हुन् । उनले सस्युरको नियमको अनुसरण गर्दै विकास गर्ने काम गरे । स्पिट्जर र उनका अनुयायीको विचारमा भाषा भनेको कलात्मक अभिव्यक्तिको साधन हो । यस्तै शैलीविज्ञानको विकासमा रोमन याकोब्सन, मुकारोभ्स्की जस्ता विद्वानहरूले शैलीविज्ञानको विकासमा योगदान दिएका छन । त्यसैगरी क्रोचेको सौन्दर्यशास्त्रीय सिद्धान्तले पनि शैली वैज्ञानिक अध्ययनलाई प्रभाव पाऱ्यो ।

यसरी आधुनिक शैलीविज्ञानको विकासमा महत्त्वपूर्ण योगदान सस्युर र चेला बालीले सामान्य भाषाको संरचनालाई समकालिक स्तरमा विश्लेषण गर्ने प्रविधिको विकास गरे भने चार्ल्ज ब्रुनो र मार्सल केस्राद्वारा भाषाका समकालिक आयमको साथ- साथै कालक्रमिकताको आधारमा पनि कृतिपरक भाषाको अध्ययन हुन थाल्यो । यसरी शैलीविज्ञानको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने भाषाविद्हरूमा रोजरफाउलर, डेभिटक्रिस्टल, के.एल.पाइक, चम्स्की, थोर्न, आमान, कट्टिस, मुकारोब्स्की, याकोब्सन, जोफ्री, एक्विन्ट रिफटेअर आदि रहेका छन् ।

## २.४ शैलीविश्लेषणका प्रक्रियाहरू

शैलीविश्लेषण प्रक्रिया भन्नु र कृति विश्लेषण गर्ने शैलीवैज्ञानिक आधार भन्नु एउटै कुरा हो । कुनै कृतिलाई कुन–कुन आधारमा त्यसको शैली पक्षको विश्लेषण गर्ने भन्ने कुरा यसमा निर्धारण गरिन्छ । शैलीवैज्ञानिक विश्लेषणका लागि विश्लेषकले विभिन्न पक्षहरूमा ध्यान दिनु आवश्यक हुन्छ । शैलीविज्ञानले उपलब्ध उपकरणका आधारमा कृति विश्लेषणको प्रारूप निर्धारण गर्दछ । कुनै पनि कृतिको अध्ययन विश्लेषणका लागि सम्बन्धित विषयको बारेमा अध्ययनकर्ताले सम्पूर्ण ज्ञान हासिल गरेको हुनुपर्दछ । कृति विश्लेषणका लागि विश्लेषकले शैली विश्लेषणको सैद्धान्तिक पक्षका साथै वैज्ञानिक आधारहरूको बारेमा जानकारी प्राप्त गरेको हुनुपर्छ । अध्ययनीय विषयको सीमा निर्धारण गर्नुका साथै आलोच्य कृतिको संरचनात्मक स्वरूप र भाषावैज्ञानिक पक्षको प्रकृति तथा सम्बन्धित कृतिको भाषाको बारेमा पनि स्पष्ट जानकारी हासिल गर्नु पर्दछ ।

साहित्यिक कृतिको विश्लेषण गर्ने क्रममा पद्य साहित्यको विश्लेषण गर्दा लय, संरचना, भावगत स्वरूप, ढाँचागत विश्लेषण आदिलाई महत्त्वपूर्ण मानिन्छ भने गद्य साहित्यको लागि कथावस्तु, कथानक, चरित्र, वातावरण, भाषा, संवाद, उद्देश्य आदिलाई लिइन्छ । कुनै पनि कृतिको विश्लेषण गर्न भाषावैज्ञानिक सिद्धान्तलाई आधार मानेर गर्दा पूर्वीय तथा पाश्चात्य दुवै शैली वैज्ञानिक पद्धतिलाई आधार मानेर गर्न सकिन्छ । दुवैको जडविन्दु भाषा वैज्ञानिक सिद्धान्तका आधारमा कृतिको विश्लेषण गर्नु हो । शैलीविज्ञानले समालोचना वा मूल्याङ्कनका निम्ति कृतिको विश्लेषण निम्नलिखित प्रक्रियाबाट गर्छ (शर्मा : २०५९:६) । कृतिको भाषिक प्रयोगको शैलीवैज्ञानिक विश्लेषण गर्दा विभिन्न प्रक्रियाहरूबाट गर्न सकिन्छ ।

### २.४.१ साहित्यिक संरचना

अस्तित्वमा रहेका सबै वस्तुहरूको आफ्नो निश्चित संरचना भएजस्तै जुनसुकै साहित्यिक कृतिको पनि आ–आफ्नो संरचना हुन्छ । संरचना भन्नाले कुनै वस्तु विशेषका अङ्ग प्रत्यङ्ग घटक–उपघटक आदिको संयोजन भन्ने बुझिन्छ । कृतिको सिङ्गो संरचनाभित्र विभिन्न घटक–उपघटकहरूको आ–आफ्नै किसिमको क्रम श्रेणी तथा तह हुन्छ । साहित्यक संरचनाभित्र पनि मूलत  दुई तह रहेका हुन्छन् ।

**(क) बनोट**

साहित्यिक कृतिहरूमा रहेका साना घटकहरूको समष्टि रूप नै बनोट हो । कृतिभित्र समावेश भएका अङ्क, दृथ्य, संवाद, परिच्छेद, भाग, प्रसङ्ग, घटना आदि लघु घटकहरूको सिङ्गो रूप नै बनोट हो । शैलीविज्ञानले यी लघु घटकहरूको अध्ययन विश्लेषण  गर्दै कृतिका मूर्तरूप पहिल्याउने काम गर्दछ । बनोटका तहमा कृतिका वाह्य अवयवहरू रहेका हुन्छन् ।

**(ख) .बुनोट**

कृतिको आन्तरिक तहमा संरचित स्वरूपको समाविष्ट रूप बुनोट हो । बनोटका पर्याय धारमा पाइने लघु घटकहरूको बीचमा अन्तरसम्वन्ध रहेको हुन्छ । यो कृतिको बनोट झैं मूर्त नभएर अमूर्त प्रकृतिको हुन्छ । चरित्र, कथन, प्रतीक, द्धन्द, अलंङ्कार योजना, द्धन्दविधान आदिको वर्णन विश्लेषण गर्दै शैलीवैज्ञानिक विवेचना गर्ने काम बुनोटभित्र गरिन्छ ।

### २.४.२ भाषा संरचना

कुनै पनि साहित्यिक कृतिलाई भाषाविना परिकल्पना गर्नु असम्भव कार्य हो किनकि साहित्यको कृतिगत आधार वा माध्यम नै भाषा हो । भाषा विशेषको निश्चित खालको आफ्नै संरचना रहेको हुन्छ र त्यो अर्थपूर्ण पनि हुनुपर्छ । भाषाका विभिन्न एकाइहरूको संयोजनबाट माथिल्ला एकाइहरूको निर्माण हुन्छ । भाषिक संचनाभित्र पनि भाषाको व्याकरण सम्म पुग्नका लागि ध्वनि व्यावस्था देखि क्रमश वर्ण, रूप, शब्द, पक्षवली , उपवाक्य, वाक्य हुँदै अगाडि बढ्नुपर्दछ (शर्मा : २०५९:६) ।

**(क) व्याकरण व्यवस्था**

कुनै पनि भाषाको व्याकरण व्यवस्था त्यस भाषाको माथिल्लो तह हो । भाषा प्रयोगको व्यस्थित र नियमवद्ध अवस्था विशेष हो । यो नियमवद्ध वा क्रममा मिलेको हुन्छ । भाषाको माथिल्लो तहमा रहेको व्याकरण व्यवस्था भित्र रूप प्रक्रिया र वाक्यविज्ञान पर्दछन् । शैलीविश्लेषण गर्दा भाषाको स्वरूपको साथै वाक्यगत संरचनाको पनि विश्लेषण आवश्यक हुन्छ । वाक्यका संरचक भाषिक घटकहरूको सन्दर्भमा व्याकरण व्यवस्था विश्लेषण र व्याख्याको महत्त्वपूर्ण भाषिक घटक हो ।

**(ख) शब्द व्यवस्था**

भाषाको माथिल्लो तह व्याकरण व्यवस्था हो भने तल्लो तह शब्द ब्यवस्था हो जसलाई भाषाको समग्र तीन तह मध्ये मध्य तह भनिन्छ । यस अन्तर्गत रूपविज्ञान तथा अर्थविज्ञान भित्रका प्रक्रिया तथा कार्यहरू पर्दछन् । अर्थ भाषाको प्राण मानिन्छ । भाषाको अति नै महत्त्वपूर्ण आर्थीपक्षसँग संम्बन्ध राख्ने हुनाले भाषा संरचनाभित्रको शब्द व्यवस्था भाषिक पक्षको महत्त्वपूर्ण तह मानिन्छ ।

**(ग) ध्वनि व्यवस्था**

भाषाको न्यूनतम् एकाइ भनेकै ध्वनि हो । ध्वनि व्यवस्थाभित्र खण्डीय र खण्डेतर वा स्वतन्त्र र आश्रित ध्वनिको व्यवस्था अन्तर्निहित भएको हुन्छ । स्वर ध्वनि र व्यञ्जन ध्वनिको पनि अध्ययन तथा समावेशन ध्वनि व्यवस्थामा नै भएको हुन्छ । यसरी ध्वनिमा खण्डीय ध्वनिमा स्वर र व्यञ्जन अनि खण्डेत्तर ध्वनिमा अनुनासिकता, लय, मात्रा  आधात, तान, श्वसन आदि पर्दछन् । भाषा व्यवस्थाको आरम्भिक अवस्था भएकोले यसलाई महत्त्वपूर्ण तहका रूपमा लिइन्छ ।

यसरी शैलीविज्ञानले उपयुक्त प्रमुख भाषिक संरचनागत व्यवस्था भित्र रहेर सबै तहहरूमा कृतिको व्याख्या विश्लेषण गर्दछ  (शर्मा : २०५९:६) ।

## २.४.३ शैली

भाषा संरचनाका श्रेणीहरू रूपान्तरण भएर साहित्यिक संरचनामा परिणत हुन्छन् । यसरी रूपान्तरित हुँदा विशिष्ट र अमूर्त किसिमले भएको मानिन्छ । एकातर्फ भाषागत स्वभाव र अर्कोतर्फ कृति निर्माणको आधार सामग्रीको एकल संम्वन्ध नै शैली हो र

सम्बन्धका सूत्रहरूलाई सूक्ष्म रूपमा केलाउने काम शैलीविज्ञानको हो । त्यसैले कृतिको वाह्य र आन्तरिक तथा मूर्त–अमूर्त पाटाहरूको न्यायोचित अध्ययन विश्लेषण गर्ने काम नै शैलीवैज्ञानिक अध्ययन हो ।

शैलीविज्ञानले पहिचान गर्ने शैलीका सूत्रगत पक्षहरूलाई मुख्य रूपमा निम्न अनुसार देखाउन सकिन्छ :

**(क) विकल्प र चयन**

चयन भनेको छनोट हो जुन उपयुक्त, आकर्षण तथा प्रभावकारी भूमिकाका साथ कृतिमा प्रयोग हुन सकोस् । भाषागत आधारमा भन्नु पर्दा थुप्रै विकल्पहरूबाट लिइएको एकाइ हो । जुन कृतिगत शैलीको पहिचान गर्ने र त्यसका आधारमा कृतिको मूल्याङ्कन गर्ने महत्त्वपूर्ण साधन हो । चयनलाई विभिन्न आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ जस्तै पर्यायवाची चयन , रूपान्तरणात्मक चयन, वाक्यीय ढाँचागत चयन, विशिष्ट पारिभाषिक चयन आदि । रचनाकारले उपलब्ध विविध खालका वैकल्पिक खालका शब्द, वाक्य, चिह्न आदि एकाइलाई उपयुक्त तथा प्रभावकारी रूपले प्रयोग सन्दर्भमा समावेश गरेको हुन्छ । चयन अहिले पनि प्रयोगपरक सापेक्षतामा उभिएको छ । कतिपय अवस्थामा विकल्पहरूको अनुपलब्धताले गर्दा चयनमा अर्थगत भूमिका नराख्ने हुन्छ ।

सर्जकले आफ्नो अभिव्यक्तिलाई सर्वसम्प्रेष्य पार्ने अभिप्रायले उपलब्ध विकल्पहरूबाट कुनै एकलाई रोज्ने गर्दछ । विकल्पमा एउटा परिवेशको भाव व्यक्त गर्न प्रयोग हुने अर्को परिवेशमा उपयुक्त नठहरिन पनि सक्छ । जस्तै महत्त्वपूर्णलाई उपयुक्त, प्रभावोत्पादक मर्मस्पर्शी, पारदर्शी, प्रभावकारी, सुपाच्य, वाञ्छनीय, आवश्यक, मनमोहन जस्ता शब्द प्रयोगमा आउछन् ।

चयनको वर्गीकरणका सन्दर्भमा विभिन्न विद्वानहरूले अलग–अलग गरेता पनि मुख्यतया शव्दचयन र वाक्यचयनलाई लिन सकिन्छ । वाक्य निर्माणका सवालमा शव्दले महत्त्वपूर्ण भूमिका खेल्दछ भाषाको न्यूनतम सार्थक एकाइ नै शव्द भएकोले न्यूनतम सार्थक एकाइको छनोटलाई शब्दचयन भनिन्छ । भाषामा एउटै अर्थमा भाव व्यक्त गर्न सक्षम रहने अनेक शव्दहरू हुन्छन् । त्यस्तो अवस्थामा सर्जकले उपयुक्त सार्थक र सान्दर्भिक शव्द छनोट गर्ने गर्दछ । यसैलाई नै शव्द चयन भनिन्छ । एउटा साहित्यिक व्यक्ति र अर्को साहित्यिक व्यक्तिवीच शैलीगत भिन्नता ल्याउने महत्त्वपूर्ण पक्ष शब्दचयन हो ।

अभिव्यक्तिका लागि वाक्य भाषागत सानो एकाई मानिन्छ, किनकि निश्चित सन्दर्भ विशेषलाई अभिव्यक्ति प्रदान गर्नका लागि वाक्यको न्युनतम् आवश्यकता रहेको हुन्छ । निश्चित भाव व्यक्त गर्नको लागि वाक्य अपरिहार्य भनिन्छ । भाषिक अभिव्यक्तिलाई जीबन्तता प्रदान गर्न र निश्चित अर्थ क्षमता वहन गर्नका लागि वाक्यको ठूलो महत्व रहने हुनाले वाक्यचयनको पनि महत्त्वपूर्ण भूमिका रहन्छ (ढुङ्गाना,तुलसीप्रसाद :२०६५:४०) ।

### २.४.३.२ अग्रभूमि निर्माण

रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष वल दिनु नै अग्रभूमिको निर्माण हो (शर्मा २०५९ :८) ।

शैलीवैज्ञानिक अध्ययन अनुसार साहित्यिक कृतिमा परम्परागत रूप तथा यान्त्रिक स्वभावले नभएर नवीन र सार्थक तथा सौन्दर्यपूर्ण भाषिक प्रयोग हुनु नै अग्रभूमि निर्माण हो (ढुङ्गाना :२०६५ :४१) ।

अग्रभूमि निर्माण सम्बन्धी धारणाको प्रवर्तन १९३० मा जे.मुकारोभ्स्कीले गरेको पाइन्छ । पुरानो भाषिक ढर्राबाट दिक्क बनेका कृतिहरूको बथानमा सर्जकले नवीन तथा प्रभावकारी भाषिक प्रयोगका माध्यमबाट आफ्नो सिर्जनामा विल्कुलै नयाँ आर्कषक तथा समय सापेक्ष भाषाको प्रयुक्तिले आफ्नो कृतिलाई सिँगारिदिन्छ । पाठकको मन जित्न पनि सफल हुन्छ । यही परिमाण नै अग्रभूमि निर्माणको प्राप्ति हो जुन शैलीवैज्ञानिक दृष्टिकोणले प्रतिफलमुखी मानिन्छ (ढुङ्गाना :२०६५:४१) ।

अग्रभूमि निर्माणमा जाने बाटालाई समानान्तरता र विचलन गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ

(क) समानान्तरता

(ख) विचलन

**(क) समानान्तरता**

भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । भाषा प्रयोगमा देखिने यस प्रकारको पुनरावृत्ति भाषाको वर्ण, छन्द, अलङ्कार समता, स्वनिम, अक्षर, वाक्य रूपिम, शव्द, पदसमूह, उपवाक्य, संकथन, अर्थ आदि भाषिक एकाइहरूमा हुने गर्दछ । अनुप्रास अलङ्कारबाट पैदा हुने नवीनता र सङ्गीतमय यसको उदाहरण हो ।

विचलनको विपरीत धुर्वमा समानान्तरतालाई लिन सकिन्छ किनभने विचलनमा अनियमितता रहेको हुन्छ भने समानान्तरतामा अतिरिक्त नियमितता रहेको हुन्छ । वर्णगत र अर्थगत दुवै खालका संरचनाहरूको पुनारावृत्ति हुने अवस्था नै समानान्तरता हो पुनरावृत्तिले कृतिमा साहित्यिकताको बढ्दो सुगन्ध पाइन्छ । रचनामा समानान्तरता मूलत दुई किसिमबाट हुने गर्दछ ।

**अ. वाह्य समानान्तरता**

एक वा एकभन्दा बढी स्वनिय, शव्द, पदसमूह, वाक्य आदिको पुनरावृत्तिलाई वाह्य समानान्तरता भनिन्छ (शर्मा :२०५५:५५३) ।

भाषिक प्रयोगका सन्दर्भमा उपस्थित हुने विभिन्न भाषिक संरचनागत तहहरूको पुनः आगमन तथा उपस्थिति नै वाह्य समानान्तरता हो । यस्तो खालको प्रयोगबाट कृतिमा आलङ्कारिकता थपिनुका साथै सौन्दर्य थपिएको हुन्छ ।

**आ. आन्तरिक समानान्तरता**

कृतिको अर्थगत तहमा हुने पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । वाह्य समानान्तरता मूर्त खालको हुन्छ । यो भावपरक हुन्छ । आन्तरिक समानान्तरताको माध्यमबाट कृतिको आन्तरिक सौन्दर्य उद्घाटन हुन्छ ।

**ख. विचलन**

मानकको अतिक्रम वा उल्लङ्घनलाई विचलन भनिन्छ (शर्मा:२०५९:२८७) । विचलनलाई समानान्तरताको विपरीत ध्रुवका रूपमा लिइन्छ किनभने विचलन भनेकै अनियमितता हो । अनियमिता भनेकै शैलीवैज्ञानिक आधारमा निरर्थक स्वरूपको भन्ने चाहिँ हुँदैन् किनकि सार्थक विचलनबाट नै अग्रभूमिको निर्माण हुने गर्दछ । काव्यिक तथा साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङ्ग्यार्थ प्रस्तुत गर्नुका साथै त्यसमा श्रुतिमाधुर्य, आल्हादकता र भावमयताको प्रभावकारी स्वरूप निष्पादन गराएको हुन्छ ।

साहित्यिक भाषा र अन्य भाषा बीचको भिन्नता छुट्याउने कार्य विचलनले गर्दछ । विचलन भाषाको प्रत्येक एकाइमा पाउने गर्दछ । भाषिक अभिव्यक्तिका क्रममा विचलन निम्नअनुसार हुने गर्दछ ।

(क) कोशीय विचलन

(ख) व्याकरणिक विचलन

(ग) ध्वनिप्रक्रियात्मक विचलन

(घ) अर्थतात्विक विचलन

(ङ) भाषिका विचलन

(च) प्रयुक्ति विचलन

(छ) लेखप्रक्रियात्मक विचलन

**(क) कोशीय विचलन**

शब्द कोशमा नभएका शब्दहरू तथा सामान्य भाषिक प्रयोगमा नआएका नयाँ शब्दहरू सर्जक आफैले निर्माण गरी आफ्नो सिर्जनामा प्रयोग गर्नु नै कोशीय विचलन हो । भाषिक अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रयोग गरिन्छ । जस्तै मान्द्रिलो, गुन्द्रिलो, गोवरिलो आदि ।

**(ख) व्याकरणिक विचलन**

हरेक भाषाको आ–आफ्नै भाषिक व्यवस्था हुन्छ । यही व्यवस्थामा भाषालाई व्यवस्थित गर्ने नियमलाई व्याकरण भनिन्छ । सिर्जनामा नियम सम्मत र व्याकरण सम्मत नभएको भाषिक संरचनालाई व्याकरणिक विचलन भनिन्छ । साहित्यिक अभिव्यक्तिलाई प्रभावकारी र जीवन्त बनाउन सर्जकले व्याकरणिक नियमलाई तोडेर अन्य भाषिक प्रयोग गर्दछ । कुनै पनि साहित्यिक कृति ब्यङ्ग्यार्थ र लक्ष्यार्थ बन्न अनि उत्कृष्ट कृति बन्नको लागि व्याकरणिक नियमलाई भाँच्नु नै पर्ने हुन्छ । सर्जकले आलङ्कारिक भाषिक प्रयोगका क्रममा लिङ्ग,, वचन, पुरूष, काल, पक्ष, भाव, वाच्य जस्ता व्याकरणिक कोटि, वाक्य, उपवाक्य, पदसङ्गति, पदक्रम जस्ता भाषिक एकाइहरूको नियमसङ्गत व्याकरणिक व्यवस्थामाथि अतिक्रमण गरी नयाँ स्वरूप र संरचनामा ढाल्ने प्रक्रिया व्याकरणिक विचलन हो ।

### (ग) आर्थी विचलन

अर्थमा आउने विचलन नै आर्थी विचलन हो । कुनै खास शव्दले निश्चित अर्थबोध नगराई अन्यार्थको बोध गराउँछ भने त्यसलाई आर्थी विचलन भनिन्छ । साहित्यिक कृतिमा कृतिकारले भाषालाई आलङ्कारिक र प्रभावकारी रूपमा प्रस्तुत गर्न विशिष्ट भाषिक प्रयोग गर्दछ । जब अभिधा अर्थले खास अर्थ दिन नसक्ने अवस्था रहन्छ । त्यसबेला व्यञ्जना अर्थ खोज्ने प्रयास गरिन्छ भने त्यो आर्थी विचलनयुक्त भाषिक प्रयोग हुन जान्छ । यसको प्रयोगले साहित्यक कृति आलङ्कारिक र आकर्षक हुन जाने भएकोले साहित्यकारहरू यस्तो भाषाको खोजीमा लाग्छन् ।

### (घ) ध्वनि प्रक्रियात्मक विचलन

भाषामा उच्चारणको क्रममा देखापर्ने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । खास एकाइको उच्चारणमा मानकसँग स्पष्ट रूपमा अन्तर छुट्याउन सकिने तथा कथ्य भाषाको  निकट रहेको भाषा नै ध्वनि प्रक्रियात्मक विचलन हो । जस्तै ह्रस्वको ठाउँमा दीर्घ वर्णको प्रयोग हुनु ।

### (ङ) भाषिका विचलन

साहित्यकारले आफ्नो सिर्जनालाई विशिष्ट तथा आकर्षक बनाउन भाषिका तथा उपभाषिका शब्दहरू समावेश गरेको हुन्छ । त्यसैलाई भाषिका विचलन भनिन्छ । भाषिका भन्ने वित्तिकै सीमित भौगोलिक सीमाभित्र रहेर समान विशेषता भएको भाषा प्रयोग गर्ने समुदायगत भाषा भन्ने बुझिन्छ । सर्जकले स्थानीय अवस्था अनुसार भाषालाई आकर्षक बनाउन भाषिकाको प्रयोग गर्दछ । जस्तै अर्नी–खाजा, सुपो–नाङ्लो आदि ।

### (च) प्रयुक्ति विचलन

एउटा परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नुपर्ने भाषालाई अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु नै प्रयुक्ति विचलन हो । लामखुट्टेले युद्धको घोषणा गर्नुलाई प्रयुक्ति विचलनका रूपमा लिन सकिन्छ, भन्ने वाक्यलाई प्रयुक्ति विचलनको उदाहरणको रूपमा लिन सकिन्छ प्रत्येक रात मलाई लामखुट्टेहरूले कानमा आएर सशस्त्र युद्धको घोषणा सुनाउँछन् ।

**(छ) लेखप्रक्रियात्मक विचलन**

भाषाको लेखन प्रक्रियामा देखा पर्ने विचलनलाई लेखप्रक्रियात्मक विचलन भनिन्छ निश्चित व्यवस्थालाई अतिक्रमण गरी लेखिने अवस्था विशेषलाई लेखप्रक्रियात्मक विचलन भनिन्छ । **जस्तै :**

म जान्छु पनि जाने हिंड ।

त तिमी बजार भए

**(ज) विविधता**

विषय र प्रयोग कर्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्दछन् र यिनै भेदलाई विविधता भनिन्छ (शर्मा:२०५९:८) । रचनाकारले सिर्जना गरेका कृतिहरूमा जति सक्दो प्रभावकारी र आकर्षक भाषा तथा अन्य विविध खालका उपकरणहरूको प्रयोग गरेको हुन्छ । कृतिमा देखापर्ने यस्ता प्रकारका विभेदहरूले भाषा प्रयोगमा नवीनता थप्दछ । माथि उल्लेखित शैलीका विभिन्न उपकरणपरक प्रक्रियाबाट शैलीविज्ञानले वाह्य स्वरूप र संरचनाको विश्लेषण गर्दै कृतिको अन्तस्तलसम्म प्रवेश गर्दछ र त्यसमा लुकेर रहेको वास्तविकतालाई उजागर गर्दछ । साथै यसले वस्तुवादी र भाषावादी दृष्टिबाट कृतिगत सौन्दर्यको उद्घाटन गर्दछ ।

शैली शब्द 'शील' धातुबाट सुरू हुँदै यसले समयको गतिसँगै आफ्नो रूप फेर्दै गएको पाइन्छ । पूर्व तथा पश्चिमी साहित्यमा विद्वानहरूले शैलीको बारेमा गहन अध्ययन पश्चात् शैलीविज्ञानको संज्ञा लिदै आधुनिक शैलीविज्ञान जस्तो प्रायोगिक भाषाविज्ञानको शाखा मात्र नभएर एक छुट्टै अस्तित्व बोकेको भाषा वैज्ञानिक अध्ययनको क्षेत्र बनेको पाइन्छ ।

मुख्यतया साहित्यिक कृतिलाई विश्लेषण गर्ने क्रममा शैलीविज्ञानले भाषावैज्ञानिक मान्यताका आधारमा कृतिको विश्लेषण गर्दछ । कृतिको विश्लेषणमा पनि झिना मसिना कुरादेखि लिएर सिङ्गो कृतिको बारेमा अध्ययन विश्लेषण गर्दछ । कृतिमा के–कस्ता गुण दोष छन्, तिनलाई भाषावैज्ञानिक आधारमा विश्लेषण गर्दछ । अग्रभूमि, समानान्तरता, भाषिक विचलन, चयन साहित्यिक संरचना जस्ता महत्त्वपूर्ण अङ्गहरू कृति विश्लेषण गर्ने आधार पर्दछन । यिनै आधारमा कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन गर्ने गरिन्छ ।

अध्याय-तीन

# भाषिक विचनका आधारमा 'सिर्जना–तिर्सना' मा सङ्गृहीत कविता

## ३.१ भाषिक प्रयोगको परिचय

भाषा विचार अभिव्यक्तिको माध्यम हो । त्यसैले रचनाकारले आफ्नो अभिव्यक्तिको माध्यम भाषालाई बनाएको हुन्छ । कुनै पनि कृतिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि भाषाको महत्वपूर्ण भूमिका रहन्छ । रचनाकारले आफ्नो कृतिलाई जीवन्त र प्रभावकारी तुल्याउन उपयुक्त भाषिक पक्षको छनोटमा लागेको हुन्छ । साहित्य समाजको निरपेक्ष रहन सक्तैन । त्यस्तै रचनाहरूको निर्माण समाजको सापेक्षतामा गरिने हुँदा त्यहाँको स्थानीय परिवेश र भाषाले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । कथानकलाई कस्ता शब्द, पदावली र वाक्यका ढाँचामा  प्रस्तुत गर्ने भन्ने कुरा नै भाषाशैली हो (ढुङगेल र दाहाल : २०५६:८) ।

शैली विज्ञानका आधारमा कुनै पनि कृतिलाई अध्ययन विश्लेषण गर्न भाषाविज्ञानले महत्वपूर्ण आधार प्रदान गर्दछ । भाषिक प्रयोगको सन्दर्भमा भाषाका विशेषताहरूलाई विभिन्न आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । भाषा विश्लेषणका महत्त्वपूर्ण आधारहरू भाषिक चयन, भाषिक विचलन र भाषिक समानान्तरता रहेका छन् जसलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ३.१.१ चयन

भाषामा रहेका विभिन्न समानान्तर शब्दहरूमध्ये उपयुक्त कुनै एकको छनोट गर्नुलाई चयन भनिन्छ । कृतिकारले भाषिक प्रयोगका सन्दर्भमा उपलब्ध विभिन्न विकल्पहरूमध्येबाट उपयुक्त र प्रभावकारी भाषिक एकाइहरूको छनोट गर्दछ । चयन साहित्यकारले अभिव्यक्त गर्ने अभिव्यक्तिका स्तरमा हुने गर्दछ  तापनि चयनको मुख्य प्रयोजन भाषिक प्रयोगसँग सम्बन्धित हुन्छ । शैलीविज्ञान यस्तै चयनको विशिष्टतालाई पहिल्याउने गर्दछ । समानान्तर विकल्पनको सापेक्षतामा मात्र उपयुक्त चयनको प्रयोग हुन सक्छ ।

प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङ्ग्रह भाषिक चयन अन्तर्गत शब्दचयन, वाक्यचयन र चिन्ह प्रयोगका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

### ३.१.२ शब्दचयन

भाषाको न्यूनतम सार्थक एकाइ शब्द हो । भाषिक अभिव्यक्तिका क्रममा शब्द चयन महत्त्वपूर्ण हुन्छ । साहित्यकारले एउटै अर्थ बुझाउन भाषामा पाइने अनेक शब्दहरूको विकल्पमध्ये एउटाको छनोट गरेको हुन्छ । भाषिक विशिष्टता ल्याउन यस किसिमको चयनमा ध्यान दिइएको हुन्छ । शब्दचयन प्रक्रिया व्यक्ति विशेषमा निर्भर गर्दछ । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा प्रयुक्त शब्दचयन प्रक्रियाका केही उदाहरणहरू निम्न अनुसार हेर्न सकिन्छ ।

**(क) तत्सम शब्द**

संस्कृत भाषाबाट नेपाली भाषामा प्रयोग हुँदा कुनै रूप नफेरिकनै प्रयोग हुने शब्दलाई तत्सम शब्द भनिन्छ । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्ग्रहित कविताहरूमा प्रयुक्त तत्सम शब्द प्रयोगका केही उदाहरणहरू यसरी देखाउन सकिन्छ :

- मेरी प्यारी **सरस जननी कोख** तिम्रो सजाऊँ

  तिम्रै **सेवा निशिदिन** गरी **कर्म** आफ्नो बनाऊँ (पृ.१, जन्मभूमि)

- **संसारी दुनियां छलेर सुख**को **अध्यात्म**को **लोकमा**

  बाटो एक बनाउनेछु म **प्रिया चैतन्य आलोक**मा (पृ.२, सत्कर्मका मार्गमा )

- धेरै भो खति हेर **शान्ति** सबको चाँडै बहाली गर । (पृ.३, शान्ति वहाली गर )

- नेपाली **जनका** चुसेर पसिना मेटाएका **भूत** ती (पृ .५, भुतै लघारौं अब)

- छोड्नै पार्थिक **देह** पर्छ सबले **सिध्या जगत** हार हो । (पृ.९, सेवा)

- यो **धर्तीमा अपितु** नपरोस् बाँच्न क्वै भै **अपूर्ण** । (पृ.१३, सन्देश )

- **साहस** गरौं हे मेरा **बन्धु** हे मेरा भाइ हो (पृ.१७, साहस)

- **बुद्ध**को **जन्मस्थल** भाइ-भाइ दिदी बहिनीबीच **युद्ध** गर्ने **कुरूक्षेत्र** बनेको छ,

  (पृ.२४, हाम्रो विडम्वना)

- **साहित्य, कला**, औं **भाषाका ललिता**

  **मानव समाज**को **प्राण पत्रकारिता** । (पृ.३०, पत्रकारिता )

- **तिर्खा सृष्टि**को खोजीमा ।

आफ्नै **जलाशय** बिर्सिइ (पृ.३७, हाम्रो यात्रा)

- **असुरहरू**का बस्तीमा

हिट्लर, निरोका मस्तीमा (पृ.४४, हाम्रो वर्तमान)

- **शरीर दृष्य आत्मा द्रष्टा**

**ब्रह्म** र **आत्मा**को **संश्लेषण**

**सृजना, स्रष्टा** र **द्रष्टा** । (पृ.५२, तीनटुक्रा )

माथि गाढा अक्षरमा लेखिएका शब्दहरू 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्ग्रहित कवितामा प्रयुक्त तत्सम शब्दको प्रयोग गरेको पाउन सकिन्छ ।

**(ख) तद्भव शब्द**

- दिन कति बिते **रात** कति बिते निराशमा

ओइलाको कुनै **पातभैंm** छ जीवन खासमा(पृ.१२ , निराश )

- हाम्रा तिनी सहिदका सपना नरोउन्

रून्चे निधारसित **ओठ** कुनै नफोऊन (पृ.१०, राकिन्न हाम्रो गति )

- केही गर्न अवश्य पर्छ अहिले त्यो **काम**

पढने त हो (पृ.७, जाग्लान ति वैरीहरू )

- साहस गरे पुरानु चक्र युगको पल्टन्छ

साहसले नै उघ्रेको **कालो** समाज उम्टन्छ (पृ.१७, साहस)

- फगत घुमाइ, फगत फन्काइ अभागी पंखा

अभागी मान्छे

अभागी पंखा । (पृ.२५, पंखा मान्छे )

- **सातदल सात** बाटाहरू

**सात** गन्तव्यहरू(पृ.३४, बहुरूपी इन्द्रजालहरू )

- शुन्यताको चक्रब्यूहमा

अभिमन्युको दुर्गति

**बाखाले** बाघको स्तुति

कुरुक्षेत्र

मृत्यु शैय्यामा भीष्मपितामह (पृ.४३, जन्मदिन र म)

- वाफ रे  वाफ

विज्ञानको **आँधी**

रक्सी चुरोट, सलाई, क्यालेण्डर

चाउचाउ, विस्कुट, फेसन, स्कुल, कलेज, होटल बैंक, पसल, पुस्तक, बार

(पृ.४६, यथार्थ)

**(ग) आगन्तुक शब्द**

- पाता कस्न नपर्नु क्वै पछि डटी सामन्तका **खातिर**

सोचेदेखि त वर्गदुश्मन यिनै हाम्रा त  हुन **आखिर** (पृ.३, शान्ति वहाली गर )

- खेलाँचीसित पढ्दछौ यदि भने मिल्ला ति लौरीहरू

जाग्लान् **बन्द** भएर दृष्टि अहिले ती फेरि बैरीहरू (पृ.७, जाग्लान नि बैरीहरू )

- जीवनका बाटामाथि नयाँ–नयाँ डिका

**कोरी** राखे **मनलाई** यौटै पारी **ढिक्का** (पृ.१४, मान्छे हुन सिके )

- **सिसिफस** प्रयासमा अनुरक्त, अभ्यस्त

**आखिर** जब

जीवनको **स्वीच अफ** हुन्छ (पृ.२०, पंखा र मान्छे )

- **नाङ्गा** ,भोका जनतालाई

मिच्दै, थिच्दै, किच्दैं, हिडने **सन्काहालाई**  **मरियामेट** गर्ने तन्त्र हो -लोकतन्त्र

(पृ.२८, लोकतन्त्र )

- शक्तिको सर्वोच्चताको भ्रम

मन मस्तिष्क र व्यवहारबाट अझै **विदा** लिइएको छैन

**कानूनी** सर्वोच्चता (पृ.३५, समकालीन नेपाल )

- युवा तिम्रो छाती

गोली रोक्न सक्ने **ढाल** समान हुनुपर्ने

तर विडम्वना, तिम्रो छातीमा

**हिरोइन**, **कोकिन** र **स्म्याक**को

**र्‍याल** लट्पटिएको पाएँ (पृ.४६, यथार्थ )

- नेताका **दौरा**का **तना**

सुरूवालका इजार छोपेर

जुत्ताको **तलुवा** चाटेर

जनतालाई ढाटेर (पृ.५०, राजनीतिक दल )

**(घ) अनुकरणात्मक शब्द**

कुनै आवाज, घटना, प्राकृतिक आदिबाट उत्पन्न ध्वनिलाई नक्कल गरी शब्दमा उतारिएको भाषिक अवस्था नै अनुकरणात्मक शब्दको उत्पादनको अवस्था हो । प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा अनुकरणात्मक शब्दहरूको उपयुक्त र प्रभावकारी रूपले प्रयोग गरिएको छ । अनुकरणात्मक शब्दका केही उदाहरणहरूलाई निम्न अनुसार हेर्न सकिन्छ ।

- ठण्डीका दिनमा **चसक्क** मुटुमा पस्दैछ जाडो अब (पृ.२, सत्कर्मका मार्गमा)

- हेर्नै पर्दछ जान्न दृश्य **भरिलो** आफै कहाँ आउँछ (पृ.६, प्रयास)

- यत्नै छैन भने **खुरूक्क** मन गै आफैं कहाँ चर्छर

आऊ मेरा **चुलबुल** गरी फूलका साथ नानी(पृ.१३, सन्देश )

- सुनी पढी लेखी हामी बढ्छौं **सलसल**

- देशलाई चहुँदिशि पाछौं **झलझल** (पृ.१६, हामी वालक)

- उता पीडा भयो त्यो कि छाती **भत्मत** पोल्दछ

चरी जस्तै जस्तै उड्यो चित्र टाढा तिम्रै **वरीपरी**

आँखा किन गड्यो तिम्रै तस्वीरमा **घरीघरी** (पृ.१८, घाउ मलाई छ )

- पंखा तीन पत्ते **फिरीरी**

तिमी अजीछौ (पृ.२४, पंखा र मान्छे )

- **डुङ्डुङ्ती** गनाएको राजतन्त्रको सिनो

दाह संस्कार खातिर(पृ.३५, वगाऔं पसिना अपार )

- मृत्यु मेरो कपाल **सुमसुम्याउँदै**

पिठ्युमा धाप मार्दै, गाला मुसार्दै (पृ.४२, जन्मदिन र म)

- गुदी होइन रूपको **भल्लरी, मल्लरी** भारी सबै सबैमा तस्वीर अर्धनग्न नारी (पृ.४६, यर्थाथ )

माथि गाढा अक्षरमा लेखिएका शब्दहरू सिर्जना-तिर्सना भित्रका कवितामा प्रयोग भएका कवितामा प्रयोग भएका केही अनुकरणात्मक शब्द हुन् । यी वाहेक धेरै अनुकरणत्मक शब्दहरूको प्रयोग सार्थक रूपमा भएको पाइन्छ । यस्ता शब्दहरू प्रशस्त मात्रामा पाउन सकिन्छ ।

**(ङ) पर्यायवाची शब्द**

कुनै शब्दको उस्तै अर्थ बुझाउने अर्को शब्दलाई पर्यायवाची शब्द भनिन्छ । प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा पर्यायवाची शब्दको उपयुक्त ढङ्गले प्रयोग गरिएको छ, जसमा केही उदाहरणहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

- मेरी प्यारी **सरस जननी** कोख तिम्रो सजाऊँ (पृ.१, जन्मभूमि )

- **पृथ्वी**मा सुखचैन पाउन सके कुन भाग ठूलो छ र (पृ.३, शान्ति वहाली गर)

- नक्षेत्र झै **आकाश**का तिमी सगन्ति चम्कन (पृ.८, विकास गरौं)

- स्वदेश आफ्नो **बाबु** र **आमा** छोडेर विदेश (पृ.१५, प्रवासी वेदना)

- मेरा **आँखा** भव **जलधि**का हेर्दछन् दूर ताकी (पृ.१९, सिर्जना-तिर्सना)

- **मातृभूमि** गर्भाशयको

जलाशयको भ्रूण विचरण

विभीषण, शकुनी, राष्पाटिनहरू ( पृ.२३, ब्याड कुलाइमा लम्पसार )

- **कानून**को हार बन्दुकको **जीत** भइरहेको बेला कल्पना, रचना, सिर्जना

(पृ.२६,खै के भनेर शुभकामना दिऊँ )

- **यत्रतत्र** भौतारिने मृगझैं

**उज्यालो प्रकाश**को **आशा**मा (पृ.३७, हाम्रो यात्रा )

- **असुर**हरूका बस्तीमा

हिटलर, निरोका मस्तीमा (पृ.४४, हाम्रो वर्तमान )

- रोदीको धुनमा

**विचित्र** गजव तरूणिमा भित्र छ। (पृ.४५, तरूणिमा )

- शासित देशका फूटबल जस्तै

भेडाबाख्रा नेपाली **जनता** (पृ.४८, नेपाली जनता)

- शरीर दृश्य आत्मा द्रष्टा

**शैल प्रतिभा**को उचाइ (पृ.५२, तीनटुक्रा )

**(च) नाम**

कुनै पनि व्यक्ति, जाति, वस्तु, ठाउँ, द्रव्य, भाव आदिलाई जनाउन प्रयोग हुने शब्दलाई नाम भनिन्छ। 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा रहेका कवितामा प्रयुक्त नामका केही उदाहरणहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ।

– लाखौं **तारा** गगनबीचमा **चन्द्रझैं** चम्किएको

लाखौं **छोरा** तर **भुवन**मा **दुःख**ले सिर्जिएको (पृ.१, जन्मभूमि)

– बेच्यो **ईज्जत देशको** जति थियो बेच्यो सबै मान त्यो

बेच्यो **मूर्ति**कला सबै जति थियो बेच्यो नि **ऐश्वर्य** त्यो (पृ.५, भूतै लघारौं अब)

– ती **गीत मुक्ति** धुनका अब शीघ्र गाऊ

**पर्खाल** तोड र निशाचर ती धपाऊ (पृ.१०, रोकिन्न हाम्रो गति )

– **साहुले** चाप्यो **ब्याज**को स्याज बनाई रिनले

त्यो **गैह्रीखेत** निखन्न पस्यो **विदेश** पिरले (पृ.१५, प्रवासी वेदना)

– लाखौका **पजेरा**, अत्याधुनिक **बङ्गलामा**

गरिबी **निवारण कार्यक्रमहरू** बनाउन

त्यस्ता छन् राजनीतिक **व्यापारी**हरू (पृ.२४, हाम्रो विडम्वना)

– अगाध **स्नेह, माया, ममता**, **श्रद्धा** भावले

स्वीकारौं**, सम्मान** गरौं

**वृद्ध : प्रेरणा स्रोत** (पृ.३२, वृद्धः प्रेरणा स्रोत )

– **सगरमाथा**को **टोपी** लगाएर

**लुम्बिनी**लाई आधार बनाएर

**बुद्ध**को **तन, मन, चिन्तन** लिएर(पृ.३९, बगाऔं पसिना अपार

– **शब्दकोश** भन्छ

**राजनीतिक दल** वा **समाज**लाई

असल **बाटो** देखाउने, नेतृत्व दिने

अन्तर्ज्ञानी विवेकशील, सद्पात्र **नेता** (पृ.४७, नेता )

**(छ) सर्वनाम**

नामको सट्टामा हुने नामिक पदहरूलाई सर्वनाम भनिन्छ । सर्वनामको प्रयोगबाट भाषामा आकर्षण आउनुको साथै नामको पटकपटक पुनरावृति गर्नुपर्ने वाध्यता रहँदैन । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रयुक्त सर्वनाम पदका केही उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

– **मेरी** प्यारी सरस जननी कोख **तिम्रो** सजाउँ (पृ.१, जनमभूमि )

– नातावाद छ चौदिशा अझ हरे ! **उस्तै** कृपावाद छ

वादैवाद छ हेर हेर फरियावादैं **उही** नै त छ (पृ.४, फर्केन तिम्रोमति)

– छुचुन्द्रा वा मुसा सदनभरि हुन **ती** कतिकति (पृ.११, यात्रा बढाऔं गणतन्त्र)

– धत्तेरी कुन्नि के भो खै **मलाई** छैन हर्ष क्यै

**तिमी** नै हो **जता** हेऱ्यो कुन्नि छल्यो कि भूतले (पृ.१८, घाउ मलाई छ )

– आफ्ना इच्छा र सपनाका लागि होइन्

**आफ्नाका** लागि हरपल नाच्नुपर्छ। (पृ.३३, नारी : यथार्थ र कर्तव्य)

– **मलाइ मेरै** नेपाल र नेपालीत्व मन पर्छ (पृ.४१, मलाइ मनपर्छ )

– युवा **तिम्रो** नशा नशामा

तातो रगत हुनुपर्ने

तर अपशोच **तिम्रो** नशा नशामा रक्सीको नशामात्र पाएँ (पृ.४६, यथार्थ)

**(ज) विशेषण**

कुनै व्यक्ति, वस्तु, ठाउँ, अवस्था, दोष परिमाण आदि जनाउने शब्दहरू नै विशेषण हुन् । 'सिर्जना–तिर्सना' भित्रका कविताहरूमा पनि यस्ता विशेषण पदका उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिन्छ।

– मेरी प्यारी **सरस** जननी कोख तिम्रो सजाउँ (पृ.१, जनमभूमि )

– कदापि पर्नु  हुन्नै लौ **पाखण्डी**हरूको भर (पृ.८, विकास गरौं)

– निधारको **रातोरातो सफलै**को टिका (पृ.१४, मान्छे हुन सिके )

– **झुम्मि**दै, **लडदैं, अध्यारा** कोठरीबाट (पृ.२२, व्याड कुलाइ)

– आशङ्का, अविश्वासका **काला** बादल फटाउने (पृ.२९, लोकतन्त्र )

– **सात** दल बाटाहरू **सात** गन्तव्यहरू (पृ.३४, बहुरूपी इन्द्रजालहरू )

– **तिर्खा** तृप्तिको खोजीमा

आफ्नै जलाशय बिर्सिई **सुगन्ध**को खोजीमा (पृ.३७, हाम्रो यात्रा)

**(झ) क्रियापद**

कर्ताले गरेको कार्य व्यापार बुझाई वाक्यात्मक संरचना पूर्ण गर्ने पद क्रियापद हो । यसले घटना, अवस्था, स्थिति र कार्य व्यापारलाई जनाउँछ । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा प्रयोग गरिएका केही क्रियापदका उदाहरणहरू निम्न अनुसार प्रस्तुत गरिएको छ ।

– खोलानाला विकट पथका जोशले नाध्न **सक्छौं** । (पृ.१, जन्मभूमि)

– धर्ती नै त **भनिन्छ** स्वर्ग जहिले मान्छे हुनै **सिक्दछन**(पृ.६, प्रयास )

– धिक्कार्छु फेरी आफैंले होसको छेउ **पुग्दिन** (पृ.१२, निराशा )

– मैले आफ्ना अमर दिलका सिर्जना फेर्न **पाऊँ**(पृ.१९, 'सिर्जना–तिर्सना')

– बुद्धको जन्मस्थल

भाइ –भाइ, दिदी–बहिनीबीच युद्ध गर्ने कुरूक्षेत्र **बनेको छ** (पृ.२४, हाम्रो विडम्वना )

– जन्मजात शासकीय अधिकारको हैकम चलाउने बादशाहको खटन **होइन**

(पृ.२८, लोकतन्त्र)

– नारी जित्नका लागि **बाँच्नुपर्छ** । (पृ.३३, नारी:यथार्थ र कर्तव्य )

– मलाइ ड्याडी र मम्मीभन्दा

मेरो बाबा र आमा **मनपर्छ** (पृ.४१, मलाइ मनपर्छ )

– हैन यौवन पुष्पित देहलता

तर पनि तरूणिमा **भित्र छ** । (पृ.४५, तरूणिमा भित्र छ )

माथि गाढा अक्षरमा लेखिएका शब्दहरू 'सिर्जना–तिर्सना' कविता सङग्रहमा सङ्गृहीत कविताहरूमा प्रयुक्त क्रियापदहरू हुन् । यस्तै अन्य क्रियापदहरू पनि सङ्ग्रहमा सफल रूपमा प्रयोग भएका छन् ।

(ञ) **क्रियाविशेषण**

क्रियाको विशेषण जनाउन आउने क्रियायोगी  पदहरू नै क्रियाविशेषण हुन् । यी पद वाक्यमा प्रयुक्त भएर भाषालाई सुन्दर तुल्याउँछन् । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा प्रयुक्त विशेषणका केही उदाहरणहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

– नाच्दै खेल हरदिन **सधैं** माथ तिम्रो सजाई (पृ.१, जन्मभूमि )

– भन्ला को छ र लोकतन्त्र **कसरी** भोग्दैछ जो दुर्गति (पृ.४, फर्कैन तिम्रो मति )

– क्वै छेक्न दुष्ट मतियार **यता** नआऊ (पृ.१०, रोकिन्न हाम्रोगति )

– **वारि** डाँडा छु यो के भो मलाई हुन्छ क्रन्दन (पृ.१८, घाउ मलाई छ )

–अनुत्पादक क्षेत्र ठान्दछन् अबुझ स्वाँठहरू

सृजना, संस्कृति**माथि** प्रश्न गर्छन् । (पृ.२५, हाम्रो  विडम्वना )

– **आफ्ना** इच्छा र सपनाका लागि होइन्

**आफ्ना**का **लागि हरपल** नाच्नुपर्छ । (पृ.३३, नारी : यर्थाथ र कर्तव्य )

– म एकवर्ष **चाँडै** मृत्युद्धार **नजिकिएको** हुन्छ । (पृ.४२, जन्मदिन र म)

– मूली र धुरी नपाएका

परिवार, समाज र विचारमा **असरल्ल** छरिएका

कुशल–खुट्टा तान्ने प्रवृतिमा  (पृ.४८, नेपाली जनता)

माथिका पंक्तिहरूमा प्रयोग गरिएका क्रियाविशेषण वाहेक 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा अन्य क्रियाविशेषणको पनि सफल प्रयोग भएको पाउन सकिन्छ ।

(ट) **निपात**

निपात भनेको अव्यय वा अविकारी पद वर्गको महत्त्वपूर्ण प्रकार हो । यसले वाक्यमा प्रयुक्त भएर निश्चित अर्थ बहन गर्न नसके पनि भाषालाई आकर्षक र प्रभावकारी बनाउँछ । निपातको प्रयोगले संवादमा रोचकता थपिनुका साथै मिठास समेत आउँछ । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रयोग गरिएका निपातका केही उदाहरणहरूलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

– घुम्दैछन् रमणीहरू सडकमा मेला कतै **पो** छ कि,(पृ.२, सत्कर्मका मार्गमा)

– साँचेदेखि **त** वर्गदुश्मन यिनै हाम्रा **त** हुन आखिर (पृ.३, शान्ति बहाली गर )

– **खै** आन्दोलनले भयो मुलुकमा के **नै** अचाक्ली नयाँ (पृ.४, फर्केन तिम्रो मति )

– पढ्नै पर्छ विनाप्रयास मनमा आएर के बस्छ **र** ? (पृ.६, प्रयास)

– बाँधी हात बस्यौ त्यसै यदि भने जाग्लान् **नि** बैरीहरू । (पृ.७, जाग्लान नि बैरीहरू )

– छ केही **त** भने हाय ! छाती एक भेद छ । (पृ.१२, निराश )

– सानालाई अनि हृदयका साथ माया गरे **है** (पृ.१३, सन्देश)

– नेपाली **नै** समेरी सर्वश्व हो । (पृ.४१, मलाई मन पर्छ)

– **कुन्नि** के प्राप्तिमा ?

**कुन्नि** के को खोजीमा ? (पृ.२०, पंखा र मान्छे )

### ३.१.३ चिह्न प्रयोग

लेख्य भाषामा विभिन्न चिह्नहरूको प्रयोग गरिएको हुन्छ । ती चिह्नहरूले विभिन्न भाव तथा अर्थहरूको प्रक्षेपण गरिएको हुन्छ । बोल्दा स्पष्टै छुट्याउन सकिने प्रश्नवाचक , विश्राम, आश्चर्यवाचक र विन्दु चिह्न जस्ता चिह्नहरू लेख्य रूपमा पनि प्रयोगमा आएका हुन्छन् । यस्ता चिह्नहरूको प्रयोग व्याकणिक ब्यवस्था अनुसार गरिएको हुन्छ । कुनै पनि भाषिक अभिव्यक्तिका क्रममा लेख्य चिह्नहरूले पद, पदावली, वाक्यांश तथा वाक्यलाई स्पष्टपारी अर्थ प्रदान गर्न सहयोग गर्दछन् । भाषिक अभिव्यक्ति गर्दा यस्ता चिन्हको प्रयोगले अभिव्यक्तिलाई कहीँ स्वभाविक, कहीँ अर्थपूर्ण र प्रभावकारी बनाएको हुन्छ । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा पनि प्रयोग भएका चिह्नलाई यस प्रकार उल्लेख गरिएको छ ।

**(क) प्रश्नसूचक चिह्नको प्रयोग**

कुनै पनि कुरा जान्ने उद्धेश्यले इच्छा प्रकट गर्नु नै प्रश्न हो । यस्तो जानकारी प्राप्त गर्नका लागि प्रयोग गरिने प्रश्नलाई (?) चिह्नले जनाइन्छ । कुनै कुरा जान्नका लागि प्रश्नसूचक चिह्नको प्रयोग गरिन्छ । प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा प्रयोग गरिएका प्रश्नसूचक चिह्नका केही उदाहरणहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

– पढ्नै पर्छ विनाप्रयास मनमा आएर के बस्छ र ? (पृ.६, प्रयास)

– तिम्रो फन्काइको अर्थ के ?

तिम्रो बेफुर्सदिलो क्रियाशीलताको सार के ?

उपलब्धि के ? (पृ.२०, पंखा र मान्छे )

– कुन्नि के प्राप्तिमा ?

कुन्नि के को खोजीमा ?

कुन्नि के को प्रतिरक्षामा ?

कुन्नि के को लालसामा ?

कुन्नि के को चाहनामा ? (ऐजन)

– प्रगति ? उन्नति ? सफलता ? को पहाड चढ्छु भन्दै (ऐजन)

– उही उस्तै परिवेश र अवस्था

खै तिम्रो यात्राको अर्थ के ?

खै तिम्रो फन्काइको उपलब्धि के ? (ऐजन)

– खै के भनेर आस्था र विश्वासका कुरा गरूँ ?

खै के भनेर रचना र सिर्जनाका कुरा गरूँ ?

खै के भनेर समुन्नतिका शुभकामना दिउँ ? (पृ.२७, खै के भनेर शुभकामना दिउँ ?)

– माली विनाको फूलवारी

मियो बिनाको दाँई

फेरी उनै छेपारेहरूको रजाँई ?(पृ.४९, छेपारेहरूको रजाँई)

माथि प्रयुक्त उदाहरणहरूमध्ये पहिलोमा प्रयास कवितामा कविले जे गर्न पनि प्रयास गर्नुपर्छ विना प्रयास के हुन्छ र भन्ने प्रसङ्गमा प्रश्न गरेका हुन् । दोस्रो तेस्रो र चौथोमा कविले पङ्खा र मान्छेको जीवनबीच तुलना गर्दै मान्छेको जीवनलाई घुमिरहेको पङ्खासँग तुलना गर्दै जति घुमे पनि के पायौं ? जति बेफुर्सदिल भए पनि के पायौं ? के को प्राप्तिमा, के को चाहनामा ? घुमिरहेका छौं अनि घुमेर तिम्रो के फाइदा भयो आखिर पङ्खाको स्वीच

अफ गर्न वित्तिकै पहिलेकै अवस्थामा रहन्छौं भने, भन्ने व्यङग्यात्मक पाराले प्रश्न गरेका छन् । पाँचौंमा शुभकामना आफ्नो देशको दुर्दशापूर्ण अवस्थामा जनता भोकै मर्ने अवस्थामा हत्य, हिंसा र आतङ्क फैलेको बेला आफ्नो मुलुकलाई के भनेर शुभकामना दिऊँ ? भने प्रसङ्गमा प्रश्न गरेका हुन् । छैठौंमा पनि यस्तै समकालिन वर्तमान देशको अवस्थालाई व्यङ्ग्य गर्दै प्रश्न गरेका छन् ।

**ख) विस्मयसूचक चिह्नको प्रयोग**

विस्मयसूचक चिह्नको प्रयोग आश्चर्य, विस्मात, हर्ष, जिज्ञासा, दुःख निराशा आदि भावहरू अभिव्यक्त गर्नका लागि विस्मयसूचक चिह्नको (!) प्रयोग गरिन्छ । जब मानवीय संवेदना भाषिक रूपमा शब्दको माध्यमबाट प्रकट गर्न सकिदैन्, त्यसबेला विस्मयसूचक चिह्नको प्रयोग पाइन्छ जसलाई निम्न उदाहरण मार्फत प्रस्तुत गरिएको छ ।

– बज्दैछन् मुजुरा अहो ! दशदिशा गुञ्ज्यो स्वरै मालती (पृ.२, सत्कर्मका मार्गमा )

– धेरै भो क्षति हाय ! शान्ति सबको  चाँडै बहाली गर (पृ.३, शान्ति बहाली गर )

– मतै हो स्वर शान्ति ! शान्ति ! सबको चाँडै बहाली गर (पृ.३, शान्ति बहाली गर )

– नातावाद छ चौदिशा अझ हरे ! उस्तै कृपावाद छ । (पृ.४, फर्केन तिम्रो मति)

– देखाऊ अब वीरता अघि बढी हे ! खोज आफ्नो हक (पृ.५, भुतै लघारौं अब )

– हे ! मेरा इस्ट औं मित्र हे बन्धुहरू हो उठ(पृ.८, विकास गरौं)

– बसन्त आउला भन्ने आशा छैन हरे ! रति । (पृ.१२, निराशा )

– पंखा ! तीन पत्ते फिरीरी

तिमी अजीव छौं । (पृ.२०, पंखा र मान्छे )

–घुम ! घुम ! फन्का मार !

फगत घुमाइ फगत फन्काइ

अभागी पंखा !

अभागी मान्छे ! (ऐजन)

यसरी माथिका वाक्यांशमा विस्मयसूचक चिह्नको प्रयोग गरिएको छ र यस कृतिमा विस्मयसूचक चिह्नको प्रयोग पनि सफल रूपमा गरेको पाइन्छ । 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहका कविताहरूमा प्रश्नसुचक र विस्मयसूचक वाहेक अल्पविराम, पूर्णविराम ि र साना विविध चिह्नहरूको पनि प्रयोग सफल रूपमा गरिएको पाइन्छ ।

### ३.२ भाषिक विचलन

### ३.२.१ परिचय

सामान्य नियम वा प्रचलित संरचनाको अतिक्रमणलाई विचलन भनिन्छ । प्रचलित पथ वा मानकको प्रयोगलाई उल्लङ्घन गर्ने हुनाले यसलाई विपथन पनि भन्न सकिन्छ । साहित्यिक कृतिहरूमा विचलनको प्रयोग  गरिन्छ जसले गर्दा भाषा आलङ्कारिक बन्न जान्छ वा भाषामा खास विशिष्टता सृजना गर्छ । सिर्जनाका क्रममा सर्जक असचेत रूपमा मानकबाट विचलित हुन पुग्छ । किनभने साहित्यकार भाषिक नियममा बाँधिएर आफ्नो अभिव्यक्तिलाई प्रभावकारी ढङ्गबाट छोडेर नयाँ शैलीगत संरचना विचलनले प्रस्तुत गर्दछ  । त्यसैले रचनाकारले आफ्नो कृतिमा भाषिक अभिव्यक्तिलाई कलात्मक रूपबाट प्रस्तुत गर्नका लागि विचलनलाई अपनाएको हुन्छ विचलन भाषाका विभिन्न एकाइहरूमा पाउन सकिन्छ ।  विचलनले व्याकरणिक स्तरमा मात्र नभएर शब्दभण्डार एवं अर्थको स्तरमा सार्थक एवंम स्तरयुक्त बनाउँछ ।

विचलनलाई समानान्तरताको विपरीत ध्रुर्वका रूपमा पनि स्थापित गर्न सकिन्छ किनभने विचलन भनेकै अनियमितता हो । अनियमितता शैलीवैज्ञानिक आधारमा निरर्थक स्वरूपको भन्ने चाहिँ हुँदैन किनभने सार्थक विचलनबाट नै अग्रभूमिको निर्माण हुने गर्दछ । काव्यिक तथा साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्याङ्ग्यार्थ प्रस्तुत गर्नुका साथै त्यस कृतिमा श्रुतिमाधुर्य आल्हादकता र भावमयताको प्रभावकारी स्वरूप निष्पादन गराएको हुन्छ । साहित्यिक भाषा र अन्य भाषाकोबीचमा भिन्नता छुट्याउने काम विचलनले गर्दछ । विचलन भाषाको प्रत्येक एकाइमा पाइने गर्दछ । भाषिक अभिव्यक्तिका क्रममा भाषामा विभिन्न किसिमका विचलन हुने गर्दछन् । कोशीय आर्थी, व्याकरणिक, भाषिका, प्रयुक्ति, लेखप्रक्रियात्मक, ध्वनिप्रक्रियात्मक आदि ।

'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा पनि कविले विभिन्न किसिमका भाषिक विचलन युक्त पद, पदावली र वाक्यको प्रयोग गरेको पाइन्छ । यस्ता किसिमका भाषिक

अभिव्यक्तिलाई विचलनको सैद्धान्तिक आधारमा व्याख्या र विश्लेषण गर्नुपर्ने हुन्छ । जसअन्तर्गत सङ्ग्रहमा सङ्गृहीत कविताहरूमध्येबाट प्रतिनिधित्व हुने गरी भाषिक विचलनको अध्ययन निम्न अनुसार गर्न सकिन्छ ।

### ३.२.२ कोशीय विचलन

शब्दकोशमा नआएका शब्दहरू तथा सर्जकले आफ्नो अभिव्यक्तिमा नयाँ शब्दको निर्माण गरी प्रयोग गर्नुलाई कोशीय विचलन भनिन्छ । भाषिक अभिव्यक्तिलाई मूर्त तथा प्रभावकारी बनाउनका लागि प्रयोग गरिन्छ । शब्दकोशामा भएका शब्दले मात्र स्रष्टाको अभिव्यक्तिको सामर्थ्यलाई बहन गर्न नसकेमा स्रष्टालाई नयाँ शब्दको निर्माण वा पुरानै शब्दलाई नौलो स्वरूप दिएर प्रयोग गर्दछन् ।

प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रयुक्त भएका कोशीय विचलनका केही उदाहरणहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

– जो जो नास्छन जनमनुजता **भै** निकै आततायी (पृ.१ , जन्मभूमि)

– नेपाली हो जगभर सदा वीर **यौटा** अनौठो (ऐजन)

– मायालाई कत्ति नसकिने दिव्य **यै** जन्मभूमि (ऐजन)

– जोडी ती मुटु फूलमाथि **भ्रमरा** उद्यानमा देखिए

**ओह्वालो** पथमा लरक्क अनि ती चौरीहरू लर्किए (पृ. ३ शान्ति बहालीगर)

– धेरै **भो** खति हेर शान्ति सबको चाँडै बहालीगर (पृ.३ , शान्ति बहालीगर )

– पाता कस्न नपर्नु **क्वै** पछि, डटी सामान्तका खातिर (ऐजन)

– **दोटा** वर्ष पुग्यो परन्तु अझ खै अल्झेछ गाँठो कहाँ (ऐजन)

– दोषीमाथि भएर दण्ड अझ हा पायो र **कल्ले** नियाँ । (पृ.४ , फर्केन तिम्रो मति )

– नातावाद छ **चौदिशा** अझ हरे ! उस्तै कृपावादछ (ऐजन )

– **उस्कै** सेवक **भै** देशको जति थियो बेच्यो सबै मान त्यो । (पृ.५ , भुतै लघारौं अब )

– **जस्ले** काशिस गर्छ सक्छ उसले संसार **जित्नै** पनि (पृ.६ , प्रयास )

– माली राष्ट्र भएर फूल जनता **जैले** हुनै सिक्दछन् । (पृ.७ , सेवा )

– बस्नु साथ मिलेर किन्नु झगडा **कैल्यै** नगर्नु कतै (पृ.७ , जाग्लान नि वैरीहरू )

– कदापि पर्नु **हुन्नै** लौ पाखण्डीहरूको भर (पृ.८ , विकास गरौँ )

– दिल्ली हाँकेर **क्यै** हुन्न गफको दुनिया तरी (ऐजन)

– धर्ती **मै भै हुनै चन्द्रै** रोक्छ **कल्ले** छ की कहाँ (ऐजन)

– रोकिन्न भौ अब **कसै** गति यो बढेको (पृ.१० , रोकिन्न हाम्रो गति)

– **बिर्सी** कैल्यै पनि कुलतमा लाग्न क्वै हुन्न जानी (पृ.१३ , सन्देश )

– मान्छे हुन सिके **ऐले कुमान्छे**को देश (पृ.१४ , मान्छे हुन सिके )

– देशलाई **चहुँदिशि** पार्छौं झलझल (पृ.१४ , हामी बालक)

– साहस हार्नु नामर्द हो रे दुःखको **ख्वाइ** हो (पृ.१७ , साहस )

– मान्छेको सत्रु अभियान हो **दम्भी क्वै नभऊ** (ऐजन)

– **लग्ला** जैले वदन रहला सिर्जना मात्र आफ्नो (पृ.१९ , सिर्जना–तिर्सना )

– मनको आँगनीमा छ तिम्रै नूतन बेस्मरी  ( पृ.१८ , घाउमलाईछ )

– कर्म नै खोटी जिन्दगी **रैछ** ओराली ओराली ( पृ.१५ , प्रवासी बेदना )

माथि उदाहरणमा देखाइएका गाढा शब्दहरू कोशीय विचलनयुक्त शब्दहरू हुन् । यी उदाहरणहरू 'सिर्जना – तिर्सना' सङग्रहभित्र बाट प्रतिनिधित्व गर्ने मुख्य उदाहरण हुन । उदाहरणमा भनेजस्तै भै – भएर, यौटा–एउटा, भ्रमरा–भमरा, यै–यहीँ, ओह्रालो –ओरालो कल्ले–कसले, चौदिशा–चारदिशा, उस्कै–उसकै, जस्ले–जसले, जैले–जहिले, कैल्यै–कहिल्यै भै–भएर, मै–म नै चहुँदिशि–चारदिशा, ख्वाई–खुवाई, लग्ला–लैजाला, बेस्मरी–बेसरी र रैछ–रहेछ भन्ने सही कोशीय शब्दको संकेत गर्दछन । माथिका शब्दले कोशीय विचलन ल्याएको मानिन्छ ।

### ३.२.३ व्याकरणिक विचलन

लिङ्ग , वचन , पुरूष, काल , पदक्रम आदिमा हुने विचलनलाई व्याकरणिक विचलन भनिन्छ । हरेक भाषाको आ–आफ्नै किसिमको भाषिक व्यवस्था हुन्छ, यहीँ व्यवस्थामा भाषालाई व्यवस्थित गर्ने नियमलाई व्याकरण भनिन्छ । सिर्जनामा नियम सम्मत र व्याकरण सम्मत नभएको भाषिक  संरचनालाई व्याकरणिक विचलन भनिन्छ ।

साहित्यिक अभिव्यक्तिलाई प्रभावकारी र जीवन्त बनाउन सर्जकले व्याकरणिक नियमलाई तोडेर अन्य भाषिक प्रयोग गर्दछ । कुनै पनि साहित्यिक कृति व्यङ्ग्य र लक्ष्यार्थ बन्न अनि उत्कृष्ट कृति बन्नको लागि व्याकरणिक नियमलाई भाँच्नु नै पर्ने हुन्छ । सर्जकले आलङ्कारिक भाषिक प्रयोगका क्रममा लिङ्ग, वचन, पुरूष, काल, पक्ष, भाव, वाच्य, सङगती पदक्रम जस्ता भाषिक एकाइहरूको नियमसङ्गत व्याकरणिक व्यवस्थामाथि अतिक्रमण गरी नयाँ स्वरूप र संरचनामा ढाल्ने प्रक्रिया व्याकरणिक विचलन हो ।

प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा पनि व्याकरणिक विचलन युक्त वाक्यहरू पाउन सकिन्छ । समग्र सङ्ग्रहबाट प्रतिनिधित्व हुने गरी निम्न अनुसार व्याकरणिक विचलन पाउन सकिन्छ ।

– लाखौं तारा गगनबीचमा चन्द्रझैं चम्किएको
लाखौं छोरा तर भुवनमा दुःखल सिर्जिएको (पृ.१, जन्मभूमि)

– पाउन बाँच्न किसानले दुखजिलो गर्दै थलो–थातमा
आफ्नै स्वर्ग रचून् स्वतन्त्र दुनियाँ ती धानका खेतमा (पृ.३, शान्ति बहालीगर )

– रून्छिन हेर लिएर आँशु गहमा नेपाल आमा कति
माटो रून्छ सँगै बसी सहिदका रुन्छन् सदिच्छा कति (पृ.४, फकेन तिम्रो मति )

– बाँझी छिन् धरती बिराउन सरे ती नित्य गैरीहरू (पृ.७, जाग्लान नि वैरीहरू)

– खेलाँचीसित पढ्दछौं यदि भने मिल्ला नि लौरीहरू (ऐजन)

– धर्ती मै भै छुनै चन्द्रै रोक्छ कल्ले छ को कहाँ (पृ.८ , विकास गरौं )

– तिम्रै त बाहुबलमा अब राष्ट्र बोल्छ
दासत्वको ध्वनिसँगै अब क्रान्ति बोल्छ हाम्रो गति (पृ.१०, रोकिन्न )

– कल्पनाको रथै चढ्छु छैन हेक्का हिँडजतै (पृ.१२, निराश)

– फूल्दा फुलैवनभरि नयाँ कोइली गीत रच्छ (पृ.१३ , सन्देश)

– दुष्टको दृष्टि चौतर्फी छ रे,अन्यायी दिनका
साहस गरी अघि गई जुध ती पापी मनको (पृ.१७ , साहस)

– अन्तै चोट कतै पर्दा रोयो पर्वत धर्धरी (पृ.१८ , घाउ मलाई छ )

– ए पंखा ! ए मान्छे

घुम ! घुम ! फन्का मार !

अभागी मान्छे !

अभागी पंखा !(पृ.२१, पंखा र मान्छे )

– जनताका हड्डी पिसेर चन्दन लगाउने

स्वघोषित प्रभु । (पृ.२८ , लोकतन्त्र )

– बढाऔं समावेशी सद्भाव

धपाई शत्रु, गिद्ध र चिल । (पृ.३३,नारी :यथार्य र कर्तव्य)

– बगर बगरमा दौडिरहने नदीभ्कैं,

सुगन्धको खोजीमा ( पृ.३७, हाम्रोयात्रा )

– गंगटा, बिच्छी, सर्पका समीकरण तोड्दै

पिलाऔं नवजीवन कान्तिधारा (पृ.४० , बगाऔं पसिना अपार )

– म भित्रैबाट निस्किएर

चुम्बन गर्दछ । (पृ.४२ , जन्मदिन र म)

– प्रज्ञाविहीन वर्ग दर्शक

विश्वासघाती सहचर

जालो बुन्दैछन् प्रतिगामी निशाचर । (पृ.४९, चार टुक्रा)

माथिका वाक्यहरूमा व्याकरणिक विचलन भएको पाइन्छ । 'सिर्जना–तिर्सना' सङ्ग्रहमा लिङ्ग, वचन, पुरूष, सङ्गति, पदक्रम, भाव, जस्ता व्याकरणिक विचलन पाउन सकिन्छ । यस्ता विचलनको प्रयोग उपयुक्त तवरबाट प्रयुक्त भएको पाइन्छ ।

### ३.२.४ ध्वनि प्रक्रियात्मक विचलन

भाषिक उच्चारणका क्रममा देखिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । भाषिक शब्दको मानक स्वरूप भन्दा भिन्न किसिमको उच्चारण हुनु नै ध्वनि प्रक्रियात्मक विचलन हो । यस्तो विचलनले भाषाको कथ्य रूपसँग निकट राख्दछ वा यो बढी भाषाको स्थानीय रूपसँग नजिक रहेको हुन्छ तर पनि यसलाई लेख्य रूपमा स्वीकार्न थालिएको छ । साहित्यकारले भाषिक अभिव्यक्तिलाई जीवन्त पार्नका लागि भाषाको मानक रूपमा मात्र सीमित नरही विभिन्न कथ्य रूपको प्रयोग आ–आफ्नो कृतिमा गर्दछ जसले गर्दा भाषिक अभिव्यक्ति आकर्षक र प्रभावकारी हुन जान्छ । ‘ सिर्जना–तिर्सना ’ कविता सङग्रहमा सङ्गृहीत कविताहरूमा देखिने केही ध्वनि प्रक्रियात्मक विचलनहरू यहाँ प्रस्तुत गरिएको छ ।

– जो जो नास्छन् जनमनुजता **भै** निकै आततायी (पृ.१ , जन्मभूमि)

– नेपाली हो जगभर सदा वीर **यौटा** यै अनौठो (पृ.१ , जन्मभूमि)

– मायालाई जति नसकिने दिव्य **यै** जन्मभूमि (पृ.१ , जन्मभूमि)

– जोडी ती मुटु फूलमाथि **भ्रमरा** उद्यानमा देखिए (पृ.२, सतकर्मको मार्गमा)

– **ओह्रोलो** पथमा लरक्क अनि ती चौरीहरू लर्किए (पृ.२, सतकर्मको मार्गमा)

– धेरै **भो** खति हेर शान्ति सबको चाँडै बहालीगर (पृ.३ , शान्ति बहालीगर )

– पाता कस्न नपर्नु **क्वै** पछि, डटी सामान्तका खातिर (ऐजन)

– **दोटा** वर्ष पुग्यो परन्तु अझ खै अल्झेछ गाँठो कहाँ (ऐजन)

– दोषीमाथि भएर दण्ड अझ हा पायो र **कल्ले** नियाँ । (पृ.४ , फर्केन तिम्रो मति )

– नाताबाद छ **चौदिशा** अझ हरे ! उस्तै कृपावादछ (ऐजन )

– **उस्कै** सेवक **भै** देशको जति थियो बेच्यो सबै मान त्यो । (पृ.५ , भुतै लघारौं अब )

– **जस्ले** काशिस गर्छ सक्छ उसले संसार **जित्नै** पनि (पृ.६ , प्रयास )

– माली राष्ट्र भएर फूल जनता **जैले** हुनै सिक्दछन् । (पृ.७ , सेवा )

– बस्नु साथ मिलेर किन्नु झगडा **कैल्यै** नगर्नु कतै (पृ.७ , जाग्लान नि वैरीहरू )

– कदापि पर्नु **हुन्नै** लौ पाखण्डीहरूको भर (पृ.८ , विकास गरौं )

– दिल्ली हाकेर **क्यै** हुन्न गफको दुनिया तरी (ऐजन)

– धर्ती **मै भै हुनै चन्द्रै** रोक्छ **कल्ले** छ की कहाँ (ऐजन)

– रोकिन्न भौ अब **कसै** गति यो बढेको (पृ.१० , रोकिन्न हाम्रो गति)

– **बिर्सी** कैल्यै पनि कुलतमा लाग्न क्वै हुन्न जानी (पृ.१३, सन्देश )

– मान्छे हुन सिके **ऐले कुमान्छे**को देश (पृ.१४ , मान्छे हुन सिके )

– देशलाई **चहुँदिशि** पार्छौं झलझल (पृ.१४ , हामी बालक)

– साहस हार्नु नामर्द हो रे दुःखको **ख्वाइ** हो (पृ.१७ , साहस )

– मान्छेको शत्रु अभियान हो **दम्भी क्वै नभऊ** (ऐजन)

– **लग्ला** जैले बडन रहला सिर्जना मात्र आफ्नो (पृ.१९ , सिर्जना–तिर्सना )

– मनको आँगनीमा छ तिम्रै नूतन **बेस्मरी** ( पृ.१८ , घाउ मलाई छ )

– कर्म नै खोटी जिन्दगी **रैछ** ओराली ओराली ( पृ.१५ , प्रवासी बेदना )

माथि उदाहरणमा देखाइएका गाढा शब्दहरू ध्वनि प्रक्रियात्मक विचलनयुक्त शब्दहरू हुन् । यी उदाहरणहरू 'सिर्जना – तिर्सना' सङ्ग्रहभित्र बाट प्रतिनिधित्व गर्ने मुख्य उदाहरण हुन् । उदाहरणमा भनेजस्तै भै– भएर , यौटा–एउटा , भ्रमरा–भमरा , यै–यही ओह्रालो – ओरालो, कल्ले–कसले , चौदिशा–चारदिशा , उस्कै–उसकै, जस्ले–जसले, जैले–जहिले, कैल्यै–कहिल्यै, भै–भएर, मै–म नै चहुँदिशि–चारदिशा, ख्वाई–खुवाई, लग्ला–लैजाला, बेस्मरी–बेसरी र रैछ–रहेछ भन्ने सही शब्दको संकेत गर्दछन् । माथिका शब्दले ध्वनिप्रक्रियात्मक विचलन ल्याएको मानिन्छ ।

### ३.२.५ आर्थी विचलन

अर्थको सन्दर्भमा देखा पर्ने विचलनलाई आर्थी विचलन भनिन्छ वाक्यमा प्रयुक्त शब्दको अर्थ संयोग, प्रसङ्ग, निकटता, परिवेश आदिका आधारमा निकाल्न सकिन्छ । शब्दको निश्चित खालको आफ्नै अर्थ हुने भए तापनि विभिन्न परिस्थिति र अवस्था अनुसार आउने अर्थलाई मानक अर्थ भनिन्छ ।

शब्दले दिने निश्चित अर्थ अर्थात् सोझो अर्थ अभिधा अर्थ हो र त्यो मानक अर्थको निकट रहेको हुन्छ । यसरी भाषिक प्रयोगका सन्दर्भमा अभिधामूलक नियमहरूको अतिक्रमण गरी अन्यार्थको बोध हुनु आर्थी विचलन हो । जब अविधा अर्थले अभीष्ट अर्थ दिन असमर्थ हुन्छ, त्यसबेला रचनाकारले आर्थी विचलनको प्रयोग गर्दछ । भाषामा प्रयुक्त आर्थी विचलनले गर्दा भाषा कलात्मक हुनुका साथै भाषामा आल्हादिकता आउँछ । प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कविताहरूमा प्रयोग गरिएका अर्थतात्त्विक विचलनका केही उदाहरणहरूलाई निम्नअनुसार देखाउन सकिन्छः

– मेरी प्यारी सरस जननी कोख तिम्रो सजाऊँ

तिम्रै सेवा निशिदिन गरी कर्म आफ्नो बनाऊँ (पृ.१ , जन्मभूमि )

– कालो गोमनले चुरै मुलुकका सन्तान डस्ने छ हैं

पृथ्वीमा सुख चैन पाउन कुन भाग ठूलो छ र (पृ.३ , शान्ति बहाली गर )

– रून्छिन् हेर लिएर आसुँ गहमा नेपाल आमा कति

माटो रून्छ सँगैबसी सहिदका रून्छन सदिच्छा कति (पृ.४ , फर्केन् तिम्रो मति)

– साँढे भैकन राष्ट्रको दिनदिनै बेच्दैछ जे–जे पनि

तिम्रै गर्छ मोल एक दिन ऊ के गर्न सक्छौं अनि (पृ.५ , भूतै लघारौं अब )

– धेरै ग्रन्थ रचेर अन्तिम जसै लेखे यही व्यासले (पृ.९, सेवा)

– छुचुन्द्रा वा मुसा सदनभरि हुन् ती कति–कति (पृ.११ , यात्रा बढाऔं गणतन्त्रतिर )

– फुल्दा फूलै वनभरि नयाँ कोइली गीत रच्छु

बाटा आफ्ना रसमय भए सभ्यता खूद बोल्छ (पृ.१३, सन्देश)

– बखान्यो आफ्नो आउथ्यो जति घरको संम्झना

शब्दमा जोखी सकिन्न क्यारे प्रवासी वेदना (पृ.१५ , प्रवासी बेदना)

– साहसले गरे पुरानु चक्र युगको पल्टन्छ

साहसले नै उध्रेको कालो समाज उम्टन्छ । (पृ.१७ , साहस)

– मेरा आँखा भव जलधिका हेर्दछन दुरताकी,

छेक्छन् बाटा तम–पटलले मुक्तिको छार ढाकी । (पृ.१९ , सिर्जना–तिर्सना)

– आमा बुबाको मन कुँड्याएर

स्वजनप्रति समेत घात, प्रतिघात र अन्तर्घात गर्दै ।(पृ.२१, पंखा र मान्छे )

– आगाका कोपिला

धुवाँ थुङ्गाहरूले सिगारिएको मातृभूमि (पृ.२३, ब्याडकुलाइमा लम्पसार)

– पिल्सिएका आम नेपालीहरूलाई

बलीको बोको बनाई

आलो रगतमा आहाल खेल्छन् जनवादीहरू, (पृ.२४ , हाम्रो विडम्बना)

– निर्लज्ज रक्तकुण्डमा आहाल खेलिरहेका बेला

खै के भनेर मनको ज्वाला निभाऊँ, (पृ.२७ , खै के भनेर शुभकामना दिऊँ)

– कुत्सित महत्त्वाकाङ्क्षा खातिर वंश विनाश गराउने

दुर्योधन, कंसलाई नामेट पार्ने

तन्त्र हो –लोकतन्त्र ,(पृ.२९, लोकतन्त्र)

– भाषणका रासनमा थिचिनुपर्छ,

माले संस्कार संस्कृतिका ज्वालाका

राप र तापमा घिसिनुपर्छ ,(पृ.३३, नारीःयथार्थ र कर्तव्य)

– आफ्नै नाभीमा लुप्त कस्तुरीको चाल नपाई

यत्रतत्र भौतारिने मृगझैं

उज्यालो प्रकाशको आशामा, (पृ.३७ , हाम्रो यात्रा)

– म एक वर्ष चाँडै मृत्युद्वारा नजिकिएको हुन्छु

मृत्यु मेरो कपाल सुमसुम्याउँदै

पिठ्युमा धाप मार्दै

गाला मुसार्दै ,(पृ.४२ , जन्मदिन र म )

– सुकुम्वासी,कमैया भऱ्याङ बनाएर

तस्करका लस्करमा घाँटी जोडदैं

अर्थ जीवन बाँचिरहेका ,(पृ.४४ , हाम्रो वर्तमान)

– लडाउने खुट्टाहरू

पानी र तेल मनहरू

तृष्णाग्रस्त राक्षसी सौँचहरू । (पृ.४९ , चार टुक्रा)

माथिका उदाहरणहरूमा जन्मभूमिको कोख सजाउने अर्थमा हुन सक्तैन । दोस्रोमा देशका नरपिचासहरूलाई कालो गोमनको रूपमा रहेको सामन्ती प्रवृत्तिले नेपाली जन्तालाई चुस्ने अर्थमा आएको छ अभिधा अर्थले सही अर्थ दिन सक्तैन् । तेस्रोमा नेपाली जनतालाई नेपाल आमा रून्छिन् भनेर लक्ष्य गरेको छ । चौंथोमा साँढेले जस्तै देशका नाइकेले देश बेचेर खाँदैछ भन्ने अर्थमा प्रस्तुत भएको छ ।

छुचुन्द्रा र मुसा भनेर काम नगरी चोर्ने व्यक्तिलाई लक्ष्य गरेको छ । प्रवासी वेदना जोखेर सकिन्न भनेर आफ्ना विलौना कँहेर नसकिने कुरा व्यक्त छ । ब्याडकुलाइमा लम्पसारमा आगाका कोपिला धुवाँका थुङ्गा भनेर देशको अशान्त अवस्थालाई संकेत गरेको छ । हाम्रो विडम्वनामा नेपाली जनतालाई बलीको बोकी बनाएर मज्जा लिइरहेका छन् नेताहरू भन्ने अर्थमा प्रस्तुत भएको छ । लोकतन्त्रमा समाजका खराब र राक्षसी प्रवृत्तिका मानिसको अन्त्य  गर्ने काम लोकतन्त्रमा हुन्छ भनेर व्यक्त गरिएको छ । नारी : यथार्थ र कर्तव्यमा पुरूषका भाषणमा थिचिनुपर्ने, पुरूषका संस्कारमा दबिनुपर्ने नारीको अवस्था छ भन्ने अर्थमा 'हाम्रो यात्रामा' शीर्षकमा आफूसँग भएको सुन्दर वस्तु नदेखेर विदेशी सुख र विलासिता मन पराउने प्रवृत्ति नेपालीमा रहेको भन्ने अर्थमा  'जन्म दिन र म' शीर्षकमा प्रत्येक जन्मदिन मानिसको आयु १ वर्ष कम हुने हुँदा मृत्यु नजिक आउँछ भन्ने अर्थमा अनि हाम्रो, वर्तमानमा गरिब, असहायलाई कुल्चेर ,चुसेर सामन्तहरू मोटाएका हुन् अनि चार टुक्रामा नेपालीहरूको सौँच पानी र तेल जस्तै खुट्टा चिप्ल्याउने र लडाउने भन्ने अर्थमा आएका छन् । यी माथिका पद्यांशले अभिधात्मक अर्थ सही दिन सक्तैनन् यस्तो अवस्थामा लक्ष्यार्थ र व्यङ्ग्यार्थ हावी हुने गर्दछ जसले मात्र सही अर्थ प्रस्तुत गर्दछ ।

यसरी अभिधा अर्थभन्दा अन्य अर्थ प्रधान भएको अवस्थामा आर्थी विचलन हुने गर्दछ । माथिका केही वाक्यांशहरू सिर्जना तिर्सना सङ्ग्रहमा आलङ्कारिक र ध्वन्यात्मक अर्थ प्रयोग भएका छन् । जुन प्रतीक र बिम्बको रूपमा उपस्थित छन् । अभिधार्थलाई त्यागेर कोशीय अर्थगत संम्बन्धबाट टाढिए र आर्थी विचलनमा आएको देखिन्छ ।

### ३.२.६ भाषिका विचलन

साहित्यकारले आफ्नो सिर्जनााई विशिष्ट तथा आकर्षण बनाउन भाषिका तथा उपभाषिका शब्दहरू समावेश गरेको हुन्छ । त्यसैलाई भाषिका विचलन भनिन्छ भाषिका भन्ने वित्तिकै सीमित भौगोलिक सीमा भित्र रहेर समान विशेषता भएको भाषा प्रयोग गर्ने समुदायगत भाषा भन्ने बुझिन्छ । सर्जकले स्थानीय अवस्था अनुसार भाषालाई आकर्षक बनाउन भाषिकाको प्रयोग गर्दछ ।

प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङग्रहमा सङ्गृहीत कविताहरूमा भाषिका विचलन भएका केही शब्दहरू रहेका छन् जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

– पारी तिम्रो शिर अब हुँला अब मै **उँभो** नेकनामी
  तिम्रो छायाँतिर दिन दिनै गीत **यौटा** म रच्छु
  जो–जो नास्छन् मन मनुजता भै निकै आततायी
  मायालाई कति नसकिने दिव्य यै जन्मभूमि । (पृ.१ , जन्मभूमि )

– धेरै **भो** खति हेर शान्ति सबको **चाँडै** बहाली गर । (पृ.२ , शान्तिबहाली गर )

– **दोटा** वर्ष पुग्यो परन्तु अझ खै अल्झेछ गाँठो कहाँ (पृ.३ , शान्ति बहाली गर )

– पाता कस्न नपर्नु **क्वै** पछि डटी सामन्तका खातिर (पृ.३ , शान्ति बहाली गर )

– दोषी माथि भएर दण्ड अझ हा पायो र **कल्ले** नियाँ (पृ.४ , फकेन तिम्रो मति)

– साहस हार्नु नामर्द हो र दुःखको **ख्याइ** हो । (पृ.१७ , साहस)

– कर्म नै खोटो जिन्दगी **रैंछ** ओराली ओराली (पृ.१५ , प्रवासी वेदना )

– **लग्ला** जैले वदन रहला सिर्जना मात्र आफ्नो (पृ.१९,सिर्जना–तिर्सना)

माथि उदाहरणमा देखाइएका गाढा शब्दहरू भाषिका विचलन भएका शब्दहरू हुन् यी उदाहरणमा प्रस्तुत भए अनुसार यिनले आफ्नो अर्थ दिएका हुन्छन् । मानक भाषा भन्दा केही विचलित रूपमा रहेका हुन्छन् । उदाहरणमा भनेभ्कै उँभोको अर्थ–माथि यौटाको अर्थ एउटा, यै को अर्थ यहीँ भो को अर्थ भयो, चाँडैको अर्थ छिट्टै वा सबेरै, दोटाको अर्थ दुईवटा, क्वैको अर्थ कोहीँ, कल्लेको, कसले, ख्वाईको अर्थ  खुवाई, लग्लाको अर्थ लैजाला जस्ता मानक भाषाको रूपभन्दा केही फरक पाउन सकिन्छ । यी रूपले भाषामा थप सुन्दरता प्रदान गर्न मद्दत गर्दछन् । अर्थमा भिन्नता ल्याउदैनन् ।

यसरी भाषिक विचलन मध्ये प्रयुक्ति विचलन पनि एक हो प्रयोग र प्रसङ्गभन्दा फरक ठाउँमा प्रयुक्त भाषा नै प्रयुक्त विचलन हो प्रयुक्त विचलनले भाषामा सुन्दरता थपेता पनि प्रस्तुत सिर्जना–तिर्सना कविता सङ्ग्रहमा धेरै किशिमका कविताहरू सङगृहीत छन् । साहित्य धर्म, समाज , संस्कार , राजनीति , विकृति र विसङ्गति , कानून , प्रशासन कृषि , व्यापार लगायत धेरै कुरा समेटेका कविता हुनाले कविता अनुसारकै भाषाको प्रयोगले गर्दा सन्दर्भिक र अर्थपूर्ण कविता पाउन सकिन्छ ।

'सिर्जना–तिर्सना' कविता सङग्रहमा भएका भाषिक विचलनको अध्ययन गर्ने क्रममा यस कृतिमा लेखप्रक्रियात्मक विचलन पाउन सकिदैन । लेखाइमा नितान्त सरल र मानक मापदण्डका आधारमा कृतिको रचना गरिएको पाइन्छ । कृतिमा अनावश्यकभन्दा वास्तविकता र गहिराइतर्फ बढी केन्द्रित छ । भाषामा विचलन नभइकन त कुनै पनि साहित्यिक कृति बन्न सक्तैन । सिर्जना–तिर्सनामा कृतिमा अत्यधिक रूपमा आर्थी विचलन रहेको छ र अन्य विचलन पनि भएको पाउन सकिन्छ ।

## ३.३ समानान्तरता

समानान्तरता भनेको भाषा प्रयोगमा देखिने नियमित पुनरावृत्ति हो । भाषा प्रयोगमा देखिने यस प्रकारको पुनरावृत्ति वाह्य संरचनामा वर्ण, शब्द र वाक्य जस्ता भाषाको प्रयोग र आन्तरिक रूपमा अर्थगत तहमा देखापर्छ । समानान्तरताको प्रयोगले भाषिक अभिव्यक्ति कलात्मक र आकर्षक बन्दछ । त्यसैले रचनाकारले आफ्नो कृतिमा समानान्तरताले प्रयोग गर्दछ । समानान्तरता छन्द, अलङ्कार र तुक बन्दीमा अझ बढी देखा पर्दछ । जसले गर्दा भाषिक अभिव्यक्ति रोचक बन्दछ । रचनाकारहरू आफ्नो अभिव्यक्तिलाई आकर्षक बनाउनतर्फ लागिपरेका हुन्छन् । समानान्तरताको समुचित प्रयोगले भाषिक अभिव्यक्तिका

क्रममा कलात्मकताको अभिवृद्धि हुन्छ । तसर्थ हुनुपर्ने कुरा के छ भने यसको अत्याधिक प्रयोगले भाषिक अभिव्यक्तिलाई आडम्वरपूर्ण बनाउने गर्दछ । समानान्तरतालाई विचलनको विपरीत ध्रुवका रूपमा पनि लिन सकिन्छ किनभने विचलनमा अनियमितता रहेको हुन्छ भने समानान्तरतामा अतिरिक्त नियमितता रहेको हुन्छ । वर्णगत र अर्थगत दुवै खालका संरचनाहरूको पुनरावृत्ति हुने अवस्था नै समानान्तरता हो । पुनरावृत्तिले कृतिमा साहित्यिकताको बढ्दो सुगन्ध पाइन्छ । रचनामा समानान्तरता मूलतः दुई किसिमबाट हुने गर्दछ ।

**क) आन्तरिक समानान्तरता**

भाषाको अर्थगत तहमा देखापर्ने पुनरावृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । यसले वाक्यमा निहित आन्तरिक सौन्दर्यको उद्घाटन गर्दछ । अलङ्कार , विम्व , प्रतीक , रस आदिका माध्यमबाट आन्तरिक समानान्तरताको समुद्घाटन हुने गर्दछ । आन्तरिक समानान्तरता अमूर्त खालको हुन्छ र यी भाषापरक हुने गर्दछ । आन्तरिक समानान्तरताका उदाहरणहरू निम्न अनुसार छन् :

– लाखौं तारा गगनबीचमा चन्द्रझै चम्किएको
  खोला नालासित नजिकिँदै वेदका मन्त्र सुन्छु (पृ.१, जन्मभूमि)

– धेरै भो खति किन्तु शान्ति सबको
  चाँडै बहाली गर । (पृ.३, शान्ति बहाली गर )

– प्यारो पुस्तक भित्र ज्ञान रसिलो आफैं
  कहाँ खस्छ र (पृ.६, प्रयास)

– सेवा मात्रै गरे जितिन्छ दुनियाँ
  के खानु के खुट्नु छ । (पृ.९ , सेवा)

– चढेको छु उकाली म बस्न छैन भने कति
  बसन्त आउला भन्ने आशा छैन हरे ! रति । (पृ.१२ , निराशा)

– स्वदेश आफ्नै छाँयासित जब नयाँ देख्छु मैले सदैव,
  आफैं ब्रह्मा यदि म हुँ भने के कहाँ देव–दैव (पृ.१९ , सिर्जना–तिर्सना)

– गाउँ–गाउँमा, बस्ती–बस्तीमा कर्मवीर निर्दोष जनहरू (पृ.२२, व्याड कुलाईमा लम्पसार)

– गाँस , बाँस , कपासका अभावमा

पिल्सिएका आम नेपालीहरूलाई

बलीको बोको बनाई (पृ.२४ , हाम्रो बिडम्वना)

– जन्मजात शासकीय अधिकारको हैकम चलाउन,

वादशाहको खटन होइन

जनताको समर्थन प्राप्त भोट खन्खन्ती गनेर,

सरकार प्रमुख राष्ट्र प्रमुख हुने,(पृ.२८ , लोकतन्त्र)

– भाले संस्कार संस्कृतिका ज्वालाका राप र तापमा घिसिनुपर्छ ।

(पृ.३३, नारी : यथार्थ कर्तव्य)

– सगरमाथाको टोपी लगाएर

लुम्बिनीलाई आधार बनाएर

बुद्धको तन, मन, चिन्तन थिएन (पृ.३९, बगाऔं पसिना अपार)

– युवा तिम्रो नशा–नशामा

तातो रगत हुनुपर्ने

तर अपशोच तिम्रो नशा –नशामा

रक्सीको नशा मात्र पाएँ (पृ.४६ , यथार्थ)

– आँखा अनुसारका अनुहार

विचार अनुसारका व्याख्या

दृष्टि अनुसारका सोँच (पृ.५० , सङ्कल्पको अभाव)

माथिका उपयुक्त उदाहरणहरूमा आएका प्रत्येक वाक्यलाई हेर्दा त्यहाँ देखिने शब्दहरू फरक–फरक देखिए तापनि सादृश्यता रहेको पाइन्छ । माथिका उदाहरणहरू वाहेक आन्तरिक समानान्तरताको प्रयोग सिर्जना–तिर्सनामा राम्रोसँग भएको पाइन्छ ।

**ख) वाह्य समानान्तरता**

एक भन्दा बढि ध्वनि, शब्द, रूप, पदावली, वाक्य आदिको आवृत्ति भई भाषामा बाह्य समानान्तरताको सिर्जना हुन्छ । भाषिक अभिव्यक्तिलाई आकर्षक तुल्याउन रचनाकारले बाह्य समानान्तरताको प्रयोग गर्दछ । बाह्य समानान्तरताको प्रयोगले कृतिको बाह्य स्वरूपको सन्दर्य झल्कन्छ ।

प्रस्तुत 'सिर्जना – तिर्सना' कविता संग्रहमा प्रयोग भएका बाह्य समानान्तरताका केही उदाहरणहरू निम्नअनुसार रहेका छन् :

– आमा तिम्रो मुकुटमणि हो शैलको उच्च चुच्चो (पृ.१, जन्मभूमि)

– पाता कस्न नपर्नु क्वै पछि, हटी सामन्तका खातिर (पृ.२, शान्ति बहाली गर)

– बाँझी छिन् धरती बिराउन सरे ती नित्य गैरीहरू (पृ.७, जाग्लान् नि वैरीहरू)

– राम्रा–राम्रा तय गर तिमी मार्ग सत्कर्म छानी (पृ.१३ , सन्देश )

– चुल्याई दम्भ विनाशै हुने गर्तमा नजाऊ । (पृ.१७, साहस)

– चरी जस्तै उड्यो चित्र टाढा तिम्रै वरीपरी (पृ.१८, घाउमलाई छ )

– छेक्छन् बाटा तम–पटलले मुक्तिको द्वार ढाकी (पृ.१९, सिर्जना–तिर्सना)

– भाइ–भाइ दिदी बहिनीबीच युद्ध गर्ने कुरूक्षेत्र बनेको छ, (पृ.२४ , हाम्रो विडम्वना)

- जीवनका

उकाली ओराली

ग्रहा, गर्खा, भङ्ज्याङसँग

लड्दै, जुद्धै, रमाउँदैं

तीता, मीठा, रसिला, हँसिला

वोजिला अनुभवहरू संगाल्दै (पृ.३२, वृद्धः प्रेरणा स्रोत)

– बगर–बगरमा दौडिरहने नदीझैं

सुगन्धको खोजीमा (पृ.३७, हाम्रो यात्रा)

– तस्करका लस्करमा घाटी जोड्दै

अर्ध जीवन बाँचिरहेका (पृ.४४, हाम्रोवर्तमान)

– दुर्मतिका सिलिङ, बिलिङचढ्दै

जनताका रगत, पसिनाका दहमाथि (पृ.४७ , नेता)

बाह्य समानान्तरताको प्रयोगले कृतिको प्रयोगले कृतिको बाह्य स्वरूपको सौन्दर्य झल्कन्छ ।

प्रस्तुत 'सिर्जना–तिर्सना' कविता सङग्रहमा सङ्ग्रहित कवितामा प्रयोग भएका बाह्य समानान्तरताका केहीँ उदाहरणहरू छन् । माथिका उदाहरणहरू बाह्य प्रतिनिधित्वगरेका छन्  शब्द तथा पदमा वर्ण तथा पदको पुनरावृत्ति भएको छ । माथिका वाक्यांशहरू वाह्य समानान्तरताका दृष्टिले उपयुक्त मान्न सकिन्छ । यसरी सिर्जना–तिर्सना कविता सङ्ग्रहमा यस्ता वाह्य समानान्तरता भएका वाक्यहरू प्रशस्त भेटिन्छन्,जसले गर्दा 'सिर्जना–तिर्सना' कविता सङग्रहको भाषिक अभिव्यक्तिलाई आकर्षित बनाएको छ ।

**३.४ निष्कर्ष**

कुनै पनि कृतिलाई प्रभावकारी ढङ्गबाट प्रस्तुत गर्नका लागि उपयुक्त र सान्दर्भिक भाषिक प्रयोग अति आवश्यक पक्ष हो । समाजको सापेक्षतामा रचनाहरूको निर्माण गरिने हुनाले त्यहाँको स्थानीय परिवेश र भाषाले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । कुनै पनि कृतिको भाषिक प्रयोगका सन्दर्भमा भाषाका विशेषताहरूलाई भाषिक चयन,विचलन र भाषिक समानान्तरताका आधारमा विश्लेषण गर्न सकिन्छ ।

यस 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा यी विविध खालका भाषिक पक्षहरू समावेश भएको पाइन्छ । त्यसैको आधारमा अध्ययन विश्लेषण गरिएको छ । भाषिक चयनका सन्दर्भमा तत्सम, तत्भव, आगन्तुक र अनुकरणात्मक शब्दको समुचित प्रयोग पाइन्छ भने नामपद, सर्वनाम विशेषण, क्रियाविशेषण, क्रियापद, नामयोगी, निपातको प्रयोग भएको पाइन्छ । प्रश्नसूचक चिह्न र विस्मयसूचक चिह्नको समुचित प्रयोग देखिन्छ प्रतीकात्मक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ भने विचलन युक्त भाषिक प्रयोगले स्थिति न्यून मात्रामा देखिन्छ । त्यस्तै वाह्य सौन्दर्यको उद्घाटन गर्न सहयोग पुगेको छ र भाषा सामान्यतः सरल, सहज, आलङ्कारिकता कुनैमा विम्ब, प्रतीक, लय, छन्द आदिको प्रयोग भएको पाइन्छ ।

अध्याय चार

# निष्कर्ष तथा उपसंहार

वि.स २०२२ साल असारमा गुल्मी जिल्लाको वामी मैदानमा जन्मिएका जीवलाल सापकोटाको प्रारम्भिक शिक्षा दीक्षा गाउँकै स्थानीय विद्यालयमा भएको हो । विद्यालय स्तरमा अध्ययन गर्दाकै अवस्थामा उनी साहित्य तर्फ आकर्षित थिए । किशोर अवस्थामा नै मन्दाक्रान्ता तथा शार्दूलबिक्रीडित छन्दमा कविता लेख्न थालेका जीवलाल सापकोटाले उच्चशिक्षा हासिल गर्दा समेत कविता लेखिरहे । अंग्रेजी साहित्यका विधार्थी र अंग्रेजी विषयकै सह–प्रध्यापक जीवलाल सापकोटा थुप्रै साहित्यिक तथा सामाजिक संघ संस्थामा समेत आवद्ध छन् । पत्रिकाको सम्पादनदेखि शैक्षिक संस्थाहरूको व्यवस्थापन सम्मका गतिविधिहरूमा उनी संलग्न छन् । आफ्ना व्यवाहारिक, व्यावसायिक एवं सामाजिक कार्यहरूमा व्यस्तरहँदा–रहँदै पनि उनीभित्रको सिर्जनशीलता माटामुनिको केराउको दाना जस्तै टुसायो, अङ्कुरित भयो, झ्याङ्गियो र उनी भित्रको साहित्यिक प्यासको प्रमाण सिर्जना–तिर्सनाको आवरणमा सजिएर सार्वजनिक भयो ।

जीवलाल सापकोटा नेपाली साहित्यका समकालीन कवि प्रतिभा हुन् । समकालीन नेपाली साहित्यमा थुप्रै–थुप्रै सर्जकहरूले काव्य सिर्जना गरेको पाइन्छ यस्तै काव्य सिर्जना गर्ने एक प्रतिभाको रूपमा कवि जीवलाल सापकोटालाई लिन सकिन्छ । २०३६ साल देखि अनवरतरूपमा कविता लेख्दै आएका जीवलाल सापकोटाले २०६६ सालमा सिर्जना–तिर्सना नामक कविता सङ्ग्रह प्रकाशित गरेका छन् । सापकोटाको अंग्रेजी मूल विषय भएर पनि नेपाली साहित्यमा एक सिढी थपेर नेपाली साहित्यलाई धनी बनाएका छन् । सह–प्राध्यापक पदमा रहेर अंग्रेजी विभाग प्रमुख समेत बनेका कविको आफ्नो योग्यताको उच्च छवि पाउन सकिन्छ । कवि जीवलालका हरेक कृतिमा हार्दिकताका साथै वौद्धिकताको प्रयोग भएको देखिन्छ । भावपरकताभन्दा विचार प्रधान कविता त्यसमा पनि नितान्त समसामयिक विषयवस्तुमा कविता रचना गरेका छन् ।

कवि जीवलाल सापकोटाको प्रथम कृति सिर्जना–तिर्सना देव कोयमीको आवरणकला र एलीग्राफिक्स बुटवलको संयोजनमा सजिएको छ । उनका अन्य लेख र रचना त अनगिन्ती छापिएको पाइन्छ । विभिन्न समय र परिस्थितिमा विविध विषय वस्तुमा रचना गरिएका छन् । पञ्चायती व्यवस्थाबाट सुरू गरेर बहुदल, राजतन्त्र हुँदै लोकतान्त्रिक

व्यवस्था सम्म आएर कविता रचना गरेका छन् । यस सङ्ग्रहमा पिंङ्गल र वार्णिक छन्दका कविता लोक लयमा आधारित कविता, गद्य कविता र मुक्तक शैलीका लघु कविताहरू समावेश गरिएको छ । यस सङग्रहभित्र संकलित जम्मा ४१ शीर्षकका कविता मध्ये १५ वटा कविताहरू छन्दमा रचना गरिएका छन् । जसमध्ये ४ वटा लोकछन्दमा, ३ मुक्तक शैलिमा, १९ वटा गद्य शैलीमा रचना गरेका छन् छन । छन्दमा लेखिएका कवितामध्ये मन्दाक्रान्ता छन्दमा १, शिखरिणी छन्दमा ७, अनुष्टुप् छन्दमा ३, बसन्ततिलका छन्दमा १ वटा कविता संकलित छन् । विभिन्न छन्दमा कविता रचना गरेबाट सापकोटामा राम्रो छन्दज्ञान रहेको स्पष्ट हुन्छ ।

'सिर्जना–तिर्सना' कविता सङग्रहमा १४ वर्षको किशोरा वस्थामा रचना गरिएको ' **हामी बालक'** कविता देखि वर्तमानमा रचित **'सिर्जना–तिर्सना'** सम्मका झण्डै तीनदशक अवधिका सिर्जनाहरू संकलित छन् । **' हामी बालक '** २०३६ सालमा कक्षा ८ मा पढ्दा खेरी लेखिएको झ्याउरे छन्दमा आधारित समयक्रमका हिसाबले स्रष्टाको पहिलो रचना हो । १४ अक्षरे झ्याउरे लयमा आधारित १२ पङ्क्तिमा रचना गरिएको बालसुलभ भावनाको अभिव्यक्ति छ । भाषिक हिसाबले अवलोकन गर्दा यस कवितामा समानान्तरता , अग्रभूमि निर्माण , चयन र विचलन सबै कुराले युक्त देखिन्छ । नाम , सर्वनाम , विशेषण , क्रियाविशेषणको अथक प्रयोग गरिएको छ । तत्भव , तत्सम र आगन्तुक शब्दको प्रयोग पनि सफल रूपमा गरिएको पाइन्छ ।

' निराशा ' १२ पङ्क्तिको अनुष्टुप् छन्दमा २०४४ सालमा रचना गरिएको कविता हो प्राकृतिक बिम्बको प्रयोग गरिएको यस सानो कवितामा कविको निराशावादी स्वर मुखरित भएको छ । जम्मा तीन अनुच्छेदमा संरचित कविता लघु फुटकर कविता हो । यसमा प्रथम दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यो कविता प्रतीकात्मक शैलीमा रहेको छ । नाम, सर्वनाम, विशेषण, क्रियाविशेषणको सार्थक प्रयोगले कविता कसिलो देखिन्छ । तत्सम, तत्भव र आगन्तुक शब्दको प्रयोग गरिएको छ भने ध्वनि, वर्ण र शब्दहरूको आवृत्तिले कविताको वाह्य समानान्तरता र प्रतीक एवं सादृश्य विधानले कवितामा लयात्मकता र अर्थगाम्भीर्य प्रदान गरेका छन् ।

'नेपाली जनता' सीमित गद्य कविताको सिर्जनकाल २०६१ मंसिर हो । भूपि शेरचनको ' घुम्ने मेचमाथि अन्धो मान्छे ' को जस्तो आंशिक भाव वहन यस कविताले राजतन्त्रात्मक व्यवस्थामा पशुवत् जीवन यापन गरिरहेका नेपाली जनतालाई अरूद्धारा परिचालित फुटवलको संज्ञा दिइएको छ । प्रतीक चयनमा अभ्यस्त स्रस्टाको मनोभाव आकर्षक शैलीमा अभिव्यक्ति छ । नाम, सर्वनाम, विशेषणको कुशल संयोजन गरी रचना गरिएको छ। तत्सम र तद्भव शब्दको सफल प्रयोग पाइन्छ ।

माथिका तीनवटा कविताका बारेमा भाषिक अध्ययनको निष्कर्ष बताउन खोजे पनि 'सिर्जना – तिर्सना' कविता सङ्ग्रहमा यस्ता धेरै कविताहरू रहेका छन् । यी कविताहरूको अलग – अलग व्याख्या र विश्लेषण गर्नु भन्दा समग्रमा 'सिर्जना–तिर्सना' भित्रको शैली वैज्ञानिक विश्लेषणका आधारमा भाषाको अध्ययनका बारेमा भन्नु पर्दा निम्नानुसार बुदाँगत रूपमा निष्कर्ष दिन सकिन्छ :

१. 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा अत्यधिक तत्सम शब्दको प्रयोग पाइन्छ ।

२. 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा तद्भव शब्दको प्रयोग पनि सार्थक रूपमा गरेको पाइन्छ ।

३. आगन्तुक शब्द बढी मात्रामा अंग्रेजी भाषाबाट समावेश गरेको पाइन्छ भने अन्य भाषाबाट कम प्रयोग गरेको पाइन्छ ।

४. 'सिर्जना–तिर्सना' कविता सङग्रहमा अनुकरणात्मक शब्दको प्रयोग प्रभावकारी रूपमा प्रयोग गरेको पाइन्छ ।

५. सङ्ग्रहमा पर्यायवाची शब्दको उपयुक्त ढङ्गले प्रयोग गरिएको पाइन्छ ।

६. 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा सङ्गृहीत कवितामा नाम , सर्वनाम , विशेषण , क्रियाविशेषण , निपात , क्रियापद आदिको प्रयोग होसियारीका साथ प्रभावकारी रूपमा प्रयोग गरिएको पाइन्छ ।

७. 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा विभिन्न चिह्न प्रयोगमा सावधानी अपनाई पूर्णविराम प्रश्नवाचक, अल्पविराम , विस्मयसूचक आदिको अर्थपूर्ण तरिकाले प्रयोग गरेको पाइन्छ ।

८. 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा कोशीय विचलनको प्रयोग अर्थपूर्ण देखिन्छ ।

९. 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा लिङ्ग, वचन, पुरूष, सङ्गति, पदक्रम, भाव र अर्थ जस्ता व्याकरणिक विचलन पाउन सकिन्छ ।

१०. 'सिर्जना–तिर्सना' भित्रका कवितामा छन्द, लय आदि मिलाउनको लागि ध्वनि प्रक्रियात्मक विचलनले कवितामा नवीनता र थप आकर्षक तुल्याउने हुनाले केही मात्रामा ध्वनि प्रक्रियात्मक विचलन पाउन सकिन्छ ।

११. कवितामा अभिधा अर्थले स्थान नपाई व्यङ्ग्य काव्य उत्कृष्ट काव्य बन्ने हुनाले प्रसस्त मात्रामा आर्थी विचलन भएको  पाउन सकिन्छ ।

१२. कृतिकारले आफ्नो सिर्जनालाई विशिष्ट तथा आकर्षक बनाउन भाषिका तथा उपभाषिका शब्दहरू समावेश गर्ने गर्दछ प्रस्तुत 'सिर्जना–तिर्सना' मा पनि आंशिक रूपमा (लग्ला, ख्वाइ, कल्ले, क्वै, दोटा, चाँडै आदि ) भाषिकाहरूको प्रयोग गरेको पाइन्छ ।

१३. 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहमा लेखप्रक्रियात्मक तथा प्रयुक्ति विचलनको प्रयोग पाइँदैन ।

१४. सङ्ग्रहमा आन्तरिक र वाह्न्य समानान्तरताको प्रसस्त प्रयोगले गर्दा अर्थपक्ष, लय, भाव तथा श्रुतिमधुरता हुनुका साथै बिम्ब अलङ्कार र छन्दलाई समेत रोचक बनाएको वाउन  सकिन्छ ।

यसरी 'सिर्जना–तिर्सना' कविता सङ्ग्रहको भाषिक अध्ययन गर्दा यसमा धेरै किसिमका शब्दवर्गहरु, आगन्तुक, तद्भव र तत्सम शब्दहरू, प्रशस्त मात्रामा प्रयोग भएको पाउन सकिन्छ । कुनै पनि कृति उत्कृष्ट बन्नको लागि व्यङ्ग्यात्मक हुनै पर्दछ । व्यङ्यात्मकताको दृष्टिले पनि 'सिर्जना–तिर्सना' उत्कृष्ट देखिन्छ । भाषिक विचलन विनाको काव्य बन्न सक्दैन तसर्थ प्रशस्त मात्रामा आर्थी विचलन र व्याकरणिक विचलन पाउन सकिन्छ । त्यस बाहेक कोशीय, भाषिका र ध्वनिप्रक्रियात्मक विचलन पनि भएको पाउन सकिन्छ । भाषिक अध्ययन र अनुसन्धानको दृष्टिले सिर्जना, तिर्सना कृति महत्त्वपूर्ण सबल र उत्कृष्ट कृतिको रुपमा लिन सकिन्छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमङ्गराज (२०५३), *नेपाली भाषाशिक्षण, ते.स.,* काठमाडौं : कुञ्जल प्रकाशन ।

अधिकारी, हेमङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* चौ.स., काठमाडौं : रत्न पुस्तक भण्डार ।

खनाल, कमल (२०६४), *लङ्गडाको साथी उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित शोधपत्र : बुटवल बहुमुखी क्याम्पस ।

ढकाल, शान्तिप्रसाद (२०६३), *नेपाली भाषाशिक्षण परिचय र प्रयोग,* काठमाडौं : मनकामना बुक्स स्टेसनरी ।

ढकाल, शान्तिप्रसाद र केशवराज पोखेल (२०६५), *साधारण नेपाली,* काठमाडौं : प्रधान पुस्तक हाउस

ढुङ्गेले, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५९), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रब्यूटर्स ।

नेपाल, घरश्याम (२०६७), *शैलीविज्ञान,* काठमाडौं : एकता प्रकाशन

पौड्याल, विष्णुप्रसाद (२०६८), *समानान्तर आकाश उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर, शोधपत्र, बुटवल बहुमुखी क्याम्पस, बुटवल

पौड्याल, सालिकराम (२०६७), *शोधपत्र अभिमुखिकरण गोष्ठी,* बुटवल बहुमुखी क्याम्पस ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसंन्धान विधि,* काठमाडौं : विधार्थी पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५९), *भाषाविज्ञान, दो.स.* काठमाडौं : न्यू हिरा  बुक्स इन्टरप्राइजेज, कीर्तिपुर

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौ :न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान, काठमाडौं* : नेपाली राजकीय पज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाड्रौ : नेपाल राकीय प्रज्ञाप्रतिष्ठान ।

सापकोटा, जीवलाल (२०६६), *'सिर्जना–तिर्सना'* कविता सङग्रह, बुटवल : जलसा प्रकाशन ।

**पत्रपत्रिका सूची**

*सन्देश स्मारिका* (२०६७) वामीसेवा समिति, जापान

*पूर्वाञ्चल दर्पण,* (वर्ष ६, अङ्क ५, २०६६ भाद्र )

*बुटवल टुडे,* दैनिक पत्रिका